✱ दायित्व ✱

(सामयिक संकलन)

वर्ष ३ | २०४६ असार | अङ्क ८

✱ प्रधान सम्पादक ✱
लक्ष्मी पन्त

✱ सम्पादक ✱
तारा कार्की

✱ सल्लाहकार ✱
डा. मथुरा के. सी.
रामप्रसाद पन्त

विशेष सहयोगी
कृष्ण बहादुर थापा
ठाकुर प्रसाद शर्मा
विष्णु प्रसाद भण्डारी

प्रकाशक
दायित्व परिवार
२१/१५३ डिल्लीबजार
काठमाडौं

मूल्य रू. ५।–

के ?	कसको ?	कहाँ ?
भेटवार्ता		
साहित्य चोरी गर्नु अपराध हो	ललिजन रावल (प्रस्तुती: ताराकार्की)	२१
कथा/लघुकथा/अनुवाद कथा		
१ अन्धकार गुफा	भागीरथी श्रेष्ठ	९
२ अधुरो प्रेम	शंकर गौतम	६
३ नयनवती	डा. मथुरा के. सी.	३३
४ अनभिज्ञता	नीला पद्मनाभन (अनु. लक्ष्मी पन्त)	२९
साहित्य/समालोचना		
१ कवि भूपीको बारेमा.....	यज्ञनिधि दाहाल	१७
२ पारिजात	इन्द्र कुमार श्रेष्ठ 'सरित'	२
यात्रा संस्मरण		
चरिकोट संग	राम प्रसाद पन्त	१४

कविता/गजल/मुक्तक

धोविचरा– मोहन कोइराला १ अस्तव्यस्तता– यदु पन्थ ३ भूपीको सम्झना–अच्युतराज पराजुली ५ हिंडेको दिनलाई... ...–पूर्ण विराम १० गजल– मनु ब्राजाकी ११ नेपाल नै महान हो– नीलकण्ठ न्यौपाने १२ गजल– राज कुमार के. सी. १२ मरीसकेको परिवेश– मुरारी पराजुली १३ दायित्वलाई शुभकामना– कवि प्रसाद प्याकुरेल २४ मेरी अस्मिता– वीरेन्द्र राई ३२ मुक्तक– पिंकी राणा ३२ जीवन: बहु आयाम– लक्ष्मी ढकाल ३५ मेरो प्रेयशी ... ...–कृष्ण बाउसे ३६ श्रद्धाञ्जली कवि भूपीमा ... ... –प्रमोद स्नेही ४० मुक्तक– रोसम कार्की ४२

साथै विविध ज्ञान विज्ञान र रोचक घटनाहरू

सम्पादकीय

साहित्य र साहित्यकारको एक आपसमा जसरी नैसर्गिक सम्बन्ध रहन्छ त्यसैगरी सिर्जित साहित्यको प्रकाशन क्षेत्रसंग त्यत्तिकै सामञ्जस्य रहन्छ। यही नै साहित्य र साहित्यकारको अद्वैत गुण हो परम्परागत अन्तर सम्बन्ध हो।

नेपाली साहित्यको विकासक्रम त्यति लामो नभएर हो वा नेपाली साहित्य प्रतिको अभिरुचि नेपाली समाजमा कम भएर हो नेपाली साहित्य प्रतिको आकर्षक निकै न्यून छ। हामीलाई विश्वास छ– नेपाली साहित्यकारहरूको कलम त्यति सस्तो त पक्कै छैन निकै परिष्कृत र परिमार्जित भै सकेको छ, नेपाली साहित्यले विश्व साहित्यको अनुशीलन गरी अरू आस्वाद थपि दिने काम समेत गरेको छ। तैपनि नेपाली साहित्य फष्टाउन सकेको छैन, साहित्यकारहरूले पेशागत रूपमा बाँच्न सकिरहेका छैनन्। कसैले मन मस्तिष्क र कलम साहित्यमा मात्र आश्रित गर्न लाग्यो भने उसको पारिवारिक स्थिति अस्तव्यस्त हुन्छ।

कहिले साहित्यकारलाई समयले साथ दिंदैन त कहिले समयलाई साहित्यकारले साथ दिंदैन, यो कस्तो प्रकृति प्रदत्त नियम हो कुन्नि? विति सकेपछि मर्म बुझ्ने र पछुताउने नेपाली परम्परा छ। जिउँदो रहेसम्म महाकवि देवकोटालाई नेपालीहरूले चिन्न सकेनन्। क्यान्सरले घाँटी अठ्याएर छटपटाएको वेला सम्वन्धित संस्थाले तलब समेत रोक्यो। अब ती देवकोटालाई हामीले कहाँ पाउने? त्यस्ता साहित्य महारथीलाई कहाँ खोज्न जाने? यस्तै भरखर दिवंगत भएका जीवन र भूपीलाई सम्झेर नेपाली साहित्य जगत पछुताउँदैछ।

एकजना वरिष्ठ साहित्यकारको गुनासो थियो– मुद्रण संस्था र मुद्रण कर्तालाई पारिश्रमिक खुवाउनु हुन्छ भने हामी त सृष्टिकर्ता। हाम्रो पनि समय खर्च हुन्छ, दिमाग खर्चहुन्छ, कागज र मसी खर्चहुन्छ। उहाँको दोस्रो आयश्रोत समेत नभएकोले हाम्रो सहमतिमै छ। दोस्रा साहित्यकार अडान लिनुहुन्थ्यो–मेरो समकक्षमा आउने साहित्यकार नगण्य छन्, मेरो साहित्य मूल्यवान् छ। अतः पैसा र लेख संगै आदान प्रदान हुनुपर्छ। दायाँ बायाँ दुवै तर्फबाट आम्दानी भएका उहाँको दम्भपूर्ण बोलीमा हाम्रो सहमती कमै छ। अर्का एक साहित्यकारको भनाइ थियो– घाटा नै परिरहेकोछ भने त्यसरी सकी नसकी किन चलाउनु हुन्छ त? छोडिदिनुस। साहित्य प्रेमीलाई यसरी हतोत्साही बनाउने महोदय प्रति हाम्रो सहमती पटक्कै छैन। यस्ता तथाकथित साहित्यकारबाट हाम्रो साहित्यमा ह्रास आएको छ, समय सापेक्ष मौलाउन सकेको छैन।

अन्तमा श्री ५ युवराजाधिराज सरकारको १९ औं शुभ– जन्मोत्सवको उपलक्ष्यमा मौसूफको सुख समृद्धि को लागि **दायित्व परिवार** हार्दिक मङ्गलमय शुभकामना अर्पण गर्दछ।

* धोविचरा *

—मोहन कोइराला

एक वखत विश्वपति शिव हातको तकिया राखेर पल्टनु भयो
काखको तकिया दिनुभयो पार्वतीले त्यसमाथि,
समय सुनसान थियो
कताबाट धोविचरा नाच्दै उड्दै विभिन्न भाकाले गाउन लाग्यो,
पल्टिएकै मुडमा शिव आज्ञा हुन्छ,
हामी यो चरा हेला गर्छौं तर यो चरा कस्तो मीठो बोल्छ सुनत,
कुनै वखत वर्दान पाएको थियो
तर मेरो वर्दानले काम गरेनछ यस्लाई
"पनेरा सङ्ग जान्छ पनेराबाट सङ्ग फर्कन्छ,
विहान गवाक्षमा आएर नित्य बस्छ,
कैलाश महिमा त्यतिले पुग्दैन,
शिव महिमा त्यतिले सकिदैन"
प्रिय पार्वती ? कमिला गड्यौंला खानेले शिवपद पाउदैन रे !
कसैलाई भजनको महत्व थाहाछैन
धेरै वर्षको कुरा हो कैलाश आउन मन गरेको यस्ले
पछि सायुज्य दिएर मेरै झोलीमा ल्याउन परेको,
"ती अवज्ञा गर्ने कहाँ बस्छन् आज्ञा होसन",
"सोझो बाटो बाङ्गो भन्छन्,
बाङ्गोलाई सोझो भन्छन्,
सत्यासत्य बुझ्दैनन् तिनैहुन,"
ओ ... प्रभो ! धन्य धन्य धोविचरो विना त
कैलाश सुनसान लाग्छ,
दिन काट्न त्यसै त्यसै
बोर लागेर आउँछ,
पार्वती मुसुक्क मस्केर आज्ञा हुन्छ

—डिल्लीबजार, काठमाडौं

समालोचना

पारिजातः शिरीषको फूलमा तिमीलाई भेंट्दा

–इन्द्रकुमार श्रेष्ठ 'सरित्'

–'शिरीषको फूल' २०२२ सालको मदन पुरस्कार प्राप्त लेखिका पारिजातको जेठो कृति। शिरीषको फूल मैले झण्डै दश एघार वर्ष अघि मात्र पढेको थिएँ, मैले नजन्माएको छोरो पढेपछि। मेरो मनमा मैले नजन्माएको छोरोदेखि नै लेखिका पारिजातको लेखनीप्रति एउटा नजानिंदो उत्सुकता बढेको थियो। के त्यो कथामा पारिजातका आफ्नै अनुभूतिहरू त्यतिविघ्न कटु यथार्थ बनेर छचल्किएका हुन् त? पाठ्य पुस्तकलाई एकातिर पन्छयाएर म विद्यार्थी छँदा नै पारिजातको अस्तित्ववादको शून्यबोधले भरिपूर्ण दर्शनभित्र हराउँथे। उनको कृति पढिसकेर म भन्थें– "पारिजात। यस्तो मुटुलाई छुने खालको रचना तिमी कसरी रच्यौ? साँच्चै! तिमी उत्कृष्ट लेखिका हौ। अनि शिरीषको फूल तिम्रो महान् कृति हो।"– यस्तो भावनाले गर्दा लेखिका पारिजातप्रति एउटा कस्तो–कस्तो रहस्यपूर्ण आकर्षण बढेको महसूस हुन्थ्यो मलाई। अनि म सकमवरीमा पारिजातको प्रतिबिम्ब खोज्न थाल्थें।

–'शिरीषको फूल' उपन्यासभरी छरिएका विचार र दर्शन नबुझी पढ्ने पाठकहरूलाई पनि उपन्यासले जबर्जस्ती घिसार्ने होईन, डोऱ्याउन सफल हुन्छ। एउटी कुमारी लेखिकाले एउटा भूतपूर्व सैनिक ४०।४५ वर्षीय बूढो कुमारको अर्न्तद्वन्द र यौन सम्बन्धी विचारधाराको कसरी त्यति राम्रो चरित्र चित्रण गर्न सकिन्, म तीनछक्क पर्छु। अझ त्यसमा पनि बर्माका विभिन्न स्थान, स्थानीय युवतीहरूको मनोभावना र खाद्य पदार्थको कसरी बर्मेली नामाकरणका साथै त्यस्तो सशक्त, चरित्र चित्रण गर्न सकिन्, आश्चर्यले म तीन डोको जति स्तब्ध हुन्छु। 'नप्पी' बर्माको कच्चिन जातीको 'किनामा' जस्तै– जस्तै खाद्य पदार्थ, 'अईय' बर्मेली भाषामा रवसीलाई भनिन्छ भने पारिजातले भने झैं वास्तवमा ती कचिन्नी, बर्मेली युवतीहरू अचाकली राम्रा हुन्छन् नेपाली लाली गुराँस जस्तै, शिरीषको फूल जस्तै। यद्यपि पहिले ती कच्चिन जातीले दाँत माझ्दैनथे रे' कुकुरको जस्तो दाँत सेतो हुन्छ भनेर अनेकौं बुद्धि लगाएर कालो पार्थे रे। खै, कहाँसम्म सत्य हो यो।

–शिरीषको फूलमा कथावाचक सुयोगवीर आफै भएको नाताले भन्छ– 'म चालीस नाघिसकेको बूढो कुमार, भूतपूर्व सैनिक, दोस्रो महायुद्धको यौटा चोट ।'

–अनि सकमवरी 'बुलेट' पड्केसरि पड्कन्छे– "मेरो नाम सकमवरी ।"– सकमवरी एउटा धृष्टता गर्न सक्ने आइमाई, मानवविरोधी तत्व भएकी । स्वयं आफ्नो दाजुलाई नाम काढेर बोलाउछे । भावुकतालाई अलिकति पनि पलापिन दिन्न ऊ मुटुभरी ।

–परिचयको क्रममा नै सकमवरी, मुजुरा र सानीको तुलनात्मक चरित्र हाम्रो अगाडि देखा पर्छ । अनि शिव, पसलेनी, ठिटो र भान्छे बज्यै सबैजना उपन्यासको फ्रेमसरह छन् । फ्रेममा जडित् तस्वीरलाई सुरक्षा प्रदान गर्ने होइन, तुलनात्मक चरित्र चित्रणलाई पनि धाराप्रवाह अगाडि बढाउँछन् । भाषा र अभिव्यक्ति शैलीको दृष्टिकोणले यहाँसम्म उपन्यासमा प्रचण्ड बहाव आइसकेको हुन्छ । पारिजातको तीक्ष्ण दृष्टिकोण र कलमले सानो भन्दा सानो कुरो पनि समात्ने प्रयत्न गरेको छ ।

–दोस्रो महायुद्धमा बर्मामा नै आफ्नो जवानी रित्याएर आएको सुयोगवीर । जुन नाम नै उसको लागि एउटा व्यंग्य भएको छ । साँच्चै भन्ने हो भने उसको नाम 'सुयोग' नभएर 'कुयोग' हुनु पर्ने । कचिन्नी र बर्मेली युवतीहरूको उसले मांसल सौन्दर्य मात्र देख्यो । एउटा पशुले झैं ती शरीरहरूलाई उत्तेजनामा भोग्यो र स्खलनमा उनीहरूको प्रेमको उसको अगाडि कुनै महत्व थिएन । जसरी खाइसकेपछि 'नप्पी' र 'अईय' को पनि केही महत्व हुँदैन ।

–बाँच्नुको नाममा केवल एकमुठी श्वास लिएर बर्माबाट लखतरान परेर फर्केको सैनिक, जवानी डाँडा पारीको घाम भइसक्दा युवती सकमवरी जसलाई सुन्दरी भन्न मिल्दैन, आफ्नै परिस्थितिलाई नस्वीकार्ने विद्रोही मुडुली– सकमवरीलाई प्रेम गर्छ । आफैमा कति विरोधाभासपूर्ण छ, सुयोगवीरको जीवन । जहाँ उसलाई माया गर्ने हृदय थियो, त्यसलाई उसले

अस्तव्यस्तता

–यदु पन्थ

चिच्याएको बच्चालाई,
लिटो खुवाउन नसक्दा
उसकी आमाले आत्महत्या गरिन् ।
चिच्याएको भाइलाई,
कोकोमा राखेर नरौ नरौ भन्दा भन्दै
उसको दाजु पेट मिचेर
आँखाबाट आँसु झार्दैछ ।
"खबरदार ! बच्चाबच्चीहो
चुप लागेर सुत ।"
बाबुको यो कडा आदेश
मूक भित्ताहरूमा तरङ्गीरहेको छ ।
घरको आम्दानी कहाँ गयो कुन्नी ?
हिसाब किताब त हुनुपर्ने हो
लथालिङ्ग छ, भताभुङ्ग छ ।
काले साहुले दिउला भनेको ऋण पनि
यसपाली नदिने भएछ ।
बाबुको बारेमा बुझ्दै जाँदा
जेठो दाजुले पत्तो लगाएछ
घरको सम्पत्ति जम्मै धुतेर
बाबु, टाढाकी सौतेनी आमासंग
छिट्टै नै जोइल जाने भएको रहेछ ।

–बलेटक्सार, गुल्मी

स्वीकार्न सकेन केवल शारीरिक भोक सन्तुष्टिको माध्यम मात्र देख्यो। तर जहाँ उसले हृदय जोड्न खोज्यो त्यहाँ उसको निम्ति हृदयको प्रवेशद्वार खुल्ला छैन। आफैंमा विडम्बना र विसंगतिहरूको ज्यूँदो पुत्ला हो सुयोगवीर। पैसा र भौतिक सुखका निम्ति आफ्नो मातृभूमिलाई रुवाएर लाहुरे बन्न हिरिक्क हुने सोझा साझा नेपालीहरूको प्रतिनिधि हो सुयोगवीर। अति सिङ्गो समाजको नाङ्गो दर्पण हो शिरीषको फूल। यस शिरीषकी फूलरुपी दर्पणबाट समाजले आफ्नो कालो पुछ्ने प्रशस्त ठाउँ भेट्न सक्छ।

–सकमवरी– कचिन्नी र बर्मेली युवती जस्तै अनपढ छैन। त्यसैले ऊ 'इन्सेक्ट किलर' झैं आफ्नै खुशीले बाँच्न चाहन्छे, हाँस्न चाहन्छे। अनि अर्काको भावुक अनुरोधलाई लात हानेर बालविधवा झैं केश मुड्ल्याएर हात पहेंल्याउँज्जेल चुरोट पिउँछे। कुरै पिच्छे यसरी सकमवरीले धृष्टता गर्नु र आफूलाई कठोर प्रदर्शित गर्नुको कारण के डा. ईश्वर बरालले भने झैं सकमवरीको आफ्नै दाजुप्रतिको आशक्ति र अनुचित सम्बन्धले गर्दा नै हो त? जबकि मैले २०४४ साल माघतिर लेखिका पारिजातलाई नै भेटेर यसबारे सोद्धा उहाँले भन्नु भयो– "मेरो कलममा त्यो विकृति भिएन र समालोचकको हेराइप्रति म उत्तरदायी छैन।"

–सकमवरी– सुयोगवीरको निम्ति मानसिक चिन्ता, अर्न्तद्वन्दको मुख्य विषय। तिनै अर्न्तद्वन्दको हामी पारिजातको अस्तित्वबोध र शून्यबोधको रसास्वादन गर्न पाउँछौं। यसवेलामा पनि भाषा, शैली र वर्णनमा स्तरीयता र रोचकता अनि प्रचण्ड प्रवाह छ। सुयोगवीरको 'फ्त्यास ब्याक' ले उसको चरित्रलाई पाठकसामु प्रश्नै उदाङ्गो पार्दै जान्छ। सके पारिजातको लेखन कला र क्षमताको यो पनि वैशिष्ट्य नै हो कि?

–मुजुरा– परम्परा र आफ्नै संस्कारभित्र बाँच्ने, स्वास्नीको निमित्त घरको ढोकामा टाँगिदिन लाएकको आकर्षक तरुणी।

–सानी–ऊ उपन्यासभरि एक दुई पटक मात्रै देखा परे पनि एउटा सिगो युवा पिढीको प्रतिनिधित्व गर्छे, अल्लारे युवा पिढीको। सोची नसम्झी कुर्कुरे वेंशमा वासनाको उद्दाम लहरमा बहने ठिट्यौले वर्गको।

–यौनसुख मान्छेलाई जिन्दगीमा दाल भातसरह नभई नहुने वस्तु हो। यति हो मान्छेलाई पशु जस्तो अतृप्त यौनसुखले गर्दा डुबिदै हिंड्न भने सुहाउँदैन, मान्छेको नैतिकताले दिंदैन। तर पसलेनी र ठिटोको प्रेम प्रशङ्गले केही हदसम्म सामाजिक मान्यतालाई भङ्ग गरे तापनि त्यो प्रशङ्गको प्रस्तुती Obsence र Volgurity चाहिं होइन। ती प्रस्तुतिले जुगुप्सा जगाएको खण्डमा चाहिं हामी त्यसलाई 'अश्लिल' र 'भद्दा' प्रस्तुति भन्न सक्थ्यौं। तर त्यसो नभएर त्यो प्रशङ्गले समाजमा नैतिकताको आडमा खोक्रो आदर्श र मान्यताको जालो भिरेर बाँच्नेको भण्डाफोर गर्छ। साहित्य समाजको दर्पण भएको नाताले समाजको यथार्थ चित्रण गर्नु साहित्यकारको कर्तव्य र इमान्दारी हो। यस दृष्टिकोणले पारिजात साँच्चै नै इमान्दार र सक्कली साहित्यकार हुनभन्दा बढी बोलेको

(बाँकी २५ पेजमा)

भूपिको सम्झना

–अच्युतराज पराजुली

भूपि !
के तिमी गयौ ?
के सबैलाइ रुवाएर गयौ ?
के सबैका विराना भएर गयौ ?
के सबैलाइ छाडेर गयौ ?
तर
तिमीले छाडेर गए पनि
तिमीलाई हामीले छाडेका छैनौं
किनकि
तिमी गए पनि
तिम्रा आत्माहरू यहीं छटपटाइरहेका छन् ।
तिम्रा ती भावनाका गुच्छाहरू
यहीं सुगन्धित रूपमा झुलिरहेका छन् ।
गरीबका आत्माहरूलाई छोएर
तिनका ढुकढुकीहरूलाई केलाउने
तिम्रा ती दुइटा दिव्य दृष्टिहरू
सारा नेपालीका अगाडि चम्किरहेका छन् ।
अनि
तिम्रो शीरको त्यो ढाका टोपी
मुस्ताङ नजीकैको हिमाल उभिए जस्तै
कसैको डर, धाक र त्रासबाट नडराएर
आफ्नो हक हित र अधिकारको निम्ति
ठिङ्ग उभिएको छ ।
तिम्रा ती–
"काठमाडौं छँदा तारा गन्ने"
अनि
"तरुनीका लालीमा हेर्ने"
अतीतका सबै दिनहरू विलाएर गए
किनकि
तिमी नै चम्किला तारा भएर गयौ
अनि
स्वर्गका अप्सराहरूलाई भेट्ने इरादा लिएर गयौ ।
त्यसैले
तिम्रो 'परिवर्तन' हुने नाटक भर्खरै सकिएको छ ।
मुनामदनको पुरानो झ्याउरे गीतलाई बिर्सी
स्वर्गका अप्सरासंग छिटै पुगेर
'नेर्मा झ्याउरे' गीत गाउन लाग्यौ अब
तर 'भूपि'
स्वर्गको अलौकिक आनन्द पाएर
जागीर खान नपाएर भौतारिंदा भौतारिंदै
आफ्नो अस्तित्व र कर्तव्यलाई बिर्सेर जस्तै
'धुम्ने मेचमाथि अन्धो मान्छे' भएर
कहिल्यै पनि
नेपाल र नेपालीलाई नबिर्सेर
किनकि
तिमी त नेपाली पहराका झरना हौ
तिम्रो 'निर्झर' झरनाबाट
नेपालीको प्यारो फाँट
हरियो र उर्वर बन्न पुगेको छ ।
त्यसैले
आऊ,
पुनर्जन्म लिएर आऊ ।
तिमीलाई स्वागत छ,
तिमीलाई शुभकामना छ ।

(गुल्मी)

कथा

अधुरो प्रेम

—शंकर गौतम

म आफ्नो अफिस जान रत्नपार्क गएर किर्तिपुरको बसमा चढें । त्यस बेला अफिस समय थियो । बसमा खचाखच मानिसहरू भरिए । बस रत्नपार्कबाट किर्तिपुरतिर लाग्यो । त्यो बस सहीद गेट हुदै विभिन्न स्टपमा रोकिदै किर्तिपुर पुग्यो । सबै ओर्लिएर आ–आफ्नो बाटो लागे । म पनि आफ्नो अफिसमा गएर सदा झैं हाजिर गरी हाकिम साहेबको कोठामा पसें । हाकिम साहेब आफ्नो दैनिक प्रशासनिक काममा तल्लीन हुनुहुन्थ्यो । जुनसुकै राष्ट्र सेवक आफ्नो इमान्दारी र कर्तव्य प्रति जिम्मेवार हुन्छ । म पनि हाकिमलाई नमस्कार गरी आफ्नो फाँटमा गए । त्यस दिन मलाई त्यति काम गर्ने मन थिएन । त्यसैले आधा विदा लिएर भृकुटी मण्डपको रंगमन्चमा नेपाली चलचित्र हेर्न गएँ । त्यस दिन "माया प्रीति सिनेमा" चलेको रहेछ । त्यो सिनेमा मलाई साह्रै राम्रो लाग्यो । जसमा एउटा युवकले एउटी युवती प्रति प्रेम गरेको देखाईएको छ । आजको जमानामा कुनै केटाले कुनै केटी माथि आत्मीय मिलनको मीठो सुखदायी संसारमा जिवनयापन गर्न चाहन्छन् भने त्यो कुनै पाप र धोका न भै उज्वल भविष्यको आनन्दमय संसार हो भन्न सकिन्छ । त्यस्तै कुनै एउटी केटीले हृदयबाटै माया गर्न चाहन्छे भने त्यसमा कुनै सामन्तवादी अन्ध विश्वासको संज्ञा दिन सकिन्छ । चलचित्र सकिए पछि म घर जाने क्रममा कालिकास्थानतिर लागें । त्यस बेला ७:३० बजेको थियो । बाँसघारीमा पुग्दा एउटी केटीको करूण पुकार सुनियो "प्लीज मलाई छोडी देउन, म घरमा जान्छु । म अरू अगाडि बढछु ।" दाई मलाई बचाउनुस् यी अपराधी गुण्डाले मलाई मार्न लागे भन्दै गुण्डाहरूको पन्जाबाट फुत्केर मलाई समात्न आउछिन् । एउटी केटी माथि दुई वटा गुण्डाले बलत्कार गर्न खोजेको मलाई सह्य भएन ।

मैले सिह गर्जन गरी एउटा केटा माथि जाईलागें । दोस्रो केटाले म माथि प्रहार गर्न के खोजेको थियो मैले रिसले दाह्रा किट्दै बलभद्रले दक्षप्रजापतिलाई झमटेर उसको टाउको अग्निकुण्डमा फाले झैं मैले ती दुवै बलत्कारीलाई पालै पालो

डलाई दिएँ । मसंग मुकाबिला गर्न सक्ने नदेखेर ती दुवै त्यहाँबाट भागे । मैले ती युवतीलाई भने– "तिमीलाई किन यी केटाहरूले हातपात गरे ? एक्लै यस्तो एकान्त बाटोबाट किन आएकी ?" उनले भनिन्– "थापाथलीमा मेरो साथी अनुको घरमा आफ्नो परीक्षाको लागि कोर्स अफ स्टडी लिन गएकी थिएँ । उ बाहिर गएकी रहिछ । अनुको प्रतीक्षामा एकछिन बसें । अनु आएपछि एकछिन कुरा गर्दा रात पऱ्यो । म यहाँ आई पुगेपछि यी गुण्डाले म माथि अभद्र व्यवहार गरे । तपाईले मेरो इज्जत र चरित्र बचाउनु भो यसको बदला दिने मेरो केही सौगात छैन दाई । आस्वस्त भएर उनले भनिन्– तपाईको नाम के ? अनि तिम्रो नाम के हो नि ? नाम त अरू नै हो तर म शम्भुराज शर्माले चिनिन्छु, घर चाहीं मैतीदेवी । मैले सोधें । उनले भनिन्– 'साबु अर्याल '। अनि घर घट्टेकुलो । यसरी उनी र मेरो बीच परिचय भयो । हामी कुरा गर्दै अगाडि बढ्यौं, घट्टेकुलामा उनको घर आई पुग्यो । म जान्छु ल भनि उनी म संग बिदा भएर गेट भित्र पसिन् । म पनि ल फेरी भेटौला भन्दै मैतीदेवी तिर लागें । घरमा पुगेर म खाना खाई बिछौनामा पल्टे । अनि अफिसबाट फर्के देखिकै घटनाहरू सम्झें । आज मैले सिनेमा हेरेर अबेर फर्केको ठिकै भएछ । चण्ड र मुण्डलाई देवीले बिनास पारे जस्तै ती गुण्डाहरूलाई परास्त पार्न सकेकोमा मलाई आश्चर्य र खुसी पनि लाग्यो । मैले यो पनि सोचे कि ती साबु वास्तवमा निर्दोष छन् कि छैनन् ! या त्यसको पछाडि केही रहस्य छ ? आजकल केटा मात्र दोषी भन्नु पनि मूर्खता हुन जान्छ । केटीहरूले पनि आफ्नो हाउ भाउ र रवाफ देखाउनु एक फेसन जस्तो भएको छ । त्यस्ताले उनान सय प्रतिशत सत्य सावित्रीको चरित्रमा दाग लगाउँछन् । ती साबु कुन वर्गमा पर्छिन् त ? मलाई रात गएको पत्तै हुँदैन मैतीदेवी मन्दिरमा घनन घण्टा बज्छ । बिहान हुन्छ । म उठेर हात मुख धोई मन्दिर तिर लाग्छु । मन्दिरबाट फर्कन लाग्दा साबुलाई भेट्छु । साबुले पनि मलाई देखेर खुसी हुन्छिन् । एक छिन दुवै जनाले चार आँखालाई एक आपसमा मिलाउँछौं । त्यहाँबाट हामी चिया पसलमा गएर चिया खान्छौं । अनि आपसमा कुराकानी गरी एक आपसमा भेट्दै गर्ने कुरा गरी आ–आफ्नो घरतिर लाग्छौं । म यसरी दिन प्रति अनेक अनेक कल्पनाले ती साबुको शरीरलाई सम्झेर अनायासै मुग्ध हुन्छु । हँसीलो चेहरा, राता गाला, कालो, कपाल सुकोमल शरीर मैले साबुलाई जीवन साथी बनाउने कल्पना गर्छु ।

हाम्रो भेटघाट गर्ने क्रम क्रमशः अगाडि बढ्दै जान्छ । एकदिन पनि भेट नहुँदा छटपटीको अनुभव हुन थाल्छ । आईतबारको दिन बिहान म घट्टेकुलामा गएर दोबाटोमा बसी रहेको थिएँ साबुको बाटो हेरेर साबु आईन । हामी बीचमा पहिले जस्तै मीठा र आनन्ददायी कुरा भए । अन्तमा मैले भने–आउ हिंड घुम्न जाउँ । कहाँ जाने ? जहाँ भए पनि म तिमीलाई लैजान्छु । उनले पनि नकार्न सकिनन् । हाम्रो भेट डिल्लीबजार पीपल बोटमा हुने भयो । म पीपलबोटमा मोटर साइकल लिएर आउँदा साबु पनि आएर बसी रहेकी रैहिछन् । हामी दुवै त्यहाँबाट पुतली सडक निकलेर माईतीघर हुँदै पूर्व लाग्यौं । साबुले

कुर्ता सुरुवाल लगाएर स्कावले घुम्टो हालेकी थिईन् म सर्ट पाइण्टमा थिएँ ।

मैले मोटर साईकल कोटेश्वरबाट भक्तपुर तर्फ कुदाएपछि साबुले सोधिन्– शम्भु, हामी कहाँ जाने ? किन तिमीलाई मैले लगेको ठाउँमा जान मन छैन ? मैले त कहाँ जाने मात्र पो भनेको त तिमीले लगेको ठाउँमा जान त भनेको छैन नी ? आज हामी नगरकोट घुम्न जाने । तिमीसंग केही कुरा गर्नु छ साबु बुझ्यौ ! यसरी कुरा गर्दै भक्तपुर सल्लाघारीबाट बजार बाहिर हुँदै हामी नगरकोटतिर लाग्यौं । भक्तपुर फाँट सकेर उकालोको घुम्ती हुँदै हामी नगरकोटको टुप्पोमा पुग्यौं । त्यहाँ एकछिन सुस्ताएपछि खाना खाएर मोटर साईकल त्यही छोडी हामी जङ्गलको एकान्त कुनातिर लाग्यौं । त्यहाँको प्राकृतिक सुन्दर आनन्दमा रमाउँदै मैले सोधें–साबु ! तिमीलाई कस्तो लाग्यो ? उनले भनिन्– 'राम्रो लाग्यो ।' यसै प्रकारले उनले मलाई सोधिन्– मैले भनि दिएँ– "यहाँ म धेरै चोटी आएको छु। मलाई यो ठाउँ सुन्दर लाग्छ । मैले देखाएं– उ उत्तर पट्टि हेर त ! चाँदीको जस्तो दाँत देखाएर हाँसेका ती हिमालय अनि तिनका फेदीमा हेर सुन्दर हरीयाली पाखा र जङ्गललाई । तिनीहरूले हामीलाई देखेर हाँसेको जस्तो लाग्छ । तिमीलाई कस्तो लाग्छ साबु ! भन्दै मैले एक पटक उनलाई अङ्कालो मारें । उनी मुसुक्क हाँसिर भनिन् निकै राम्रो । अनि भने–मैले तिमीलाई केही भन्नु छ– तिमी मान्छ्यौ ? के शम्भु भन ! प्लीज भन !

साबु म तिमीलाई प्रेम गर्छु ! माया गर्छु !! तिमीलाई क्षणिक होईन अनन्त लामो माया गर्न चाहन्छु । त्यसैले आज तिमीलाई मैले यहाँ लिएर आएको साबु ! के तिमी मन्जुर गर्छेउ ? के जीवन साथी भएर एकै डोरीमा बाँधिन चाहन्छेउ तिमी . . ! साबुले मेरो हातमा हात मिलाएर शम्भु ! आई लभ यू, "तिमीलाई म माया गर्छु" मैले त तिमीलाई भन्न सकेकी थिईन। मेरो प्राण, मेरो देवता, मेरो जीवन साथी, शम्भु मलाई भन्न डर लागेको थियो । तिमीले अस्वीकार गर्छौं कि भन्ने डरले शम्भु !

मेरो प्राणप्यारी साबु ! जुन दिन संयोगले तिमीलाई पाएको थिएँ, दुष्टहरूबाट बचाएको थिएँ । त्यही दिन नै हाम्रो मिलनको पहिलो दिन रहेछ साबु ! आकासमा ती साना साना बादलहरू आपसमा भेट्न दगुर्दै छन् । त्यस्तै मेरो मन पनि आत्माको मिलनमा दौड्न थालेको छ । यसरी प्रेमको समुन्द्रमा डुबेर हामीले घण्टौं बितायौं । ३.०० बजेपछि हामीले होटेलमा केही खाएर मोटर साईकलमा ओरालो लाग्यौं । जीवनको अभूतपूर्व आनन्दमा रमाउँदै र मीठा मीठा कुरा गर्दै हामी धेरै तल आएका थियौं । एउटा मोटर आउँदै गरेको मैले देखें र मोटर साईकलको गतीलाई कम गर्ने प्रयास गरें तर कम भएन । मैले बराबर ब्रेक हाने तर रोकिएन । मैले ब्रेक फेल भएको कुरा साबुलाई बताएँ । साबुको एक चित्कार निस्कन नपाउँदै मोटर साईकल मोटरमा ठोकिएर बाटोबाट उधोतिर हुत्तियो । . . . .

मैले आफूलाई अस्पतालको ओछयानमा पल्टिरहेको पाएँ । शरीरमा असाध्य बेदना भै रहेको थियो । संगैको ओछयानमा ३–४ जना कुराकानी गरिरहेका थिए– "केटी गैहाली यस्को यो हालत छ ।" म चिच्याउँदै उठें– साबु ! मेरी साबु खोई ? कोही केही बोलेन् । धेरै अलाप बिलाप गरें, कराएँ, तर उनी बोलाएर नआउने भिन्न संसारमा पुगिसकेकी रहिछिन्, फेरी मिलन नहुने गरी । ✶

लघु कथा

'अन्धकार गुफा'

—भागीरथी श्रेष्ठ

एउटा अन्धकार गुफा थियो– जहाँ मान्छेहरू अन्धकारमै बस्थे। गुफाको माथिल्लो पट्टि एउटा उज्यालो घर थियो तर बाहिर अन्धकारै अन्धकार। त्यो अन्धकारमा बस्ने मान्छेहरू उज्यालो घर देख्दा लोभिन्थे– त्यस्तै प्रकाशपुन्ज भएको घरमा बस्न चाहन्थे, तर उज्यालो त्यही घरमा सिमित थियो र त्यही घरकै शक्तिशाली मान्छेहरूको मुठ्ठीमा बन्द थियो उज्यालो। अन्धकारमा बस्ने मान्छेहरू बिस्तारै बिस्तारै उज्यालोको महत्व बुझ्न थाले। त्यसपछि उज्यालो पाउन उनीहरू उज्यालो घरका मानिससंग माग्न गए। उज्यालोमा बस्नेहरू (जसले उज्यालोको स्वाद पाएका थिए) सजिलै उज्यालो दिएनन्। अध्यारोमा बस्नेहरू सडकमा आएर कराउन थाले– "हामीलाई पनि उज्यालो चाहिन्छ। अन्धकारमा बस्न सक्तैनौ। उज्यालो तिमीहरूको मात्र पेवा होइन।" उज्यालोमा बस्ने मान्छेहरूले तो मागहरूलाई नामन्जुर गर्दै भने– "उज्यालो हाम्रो अधिकार हो। यो हामीलाई मात्र प्राप्त छ। हामी उज्यालो दिन सक्तैनौ।"

अध्यारोहरू उज्यालो खोस्ने तरखर गर्न थाले– तर उज्यालो खोज्न जाने कुरामा विवाद चल्यो– कोही डराए– कोही हच्के– कसैले अध्यारै ठीक छ भने। केही अध्याराहरू बुलन्द आवाज निकाल्दै गए तर उज्यालाहरूको हतियारले सब टुक्रिए। बाँकी अध्यारोहरूले सूर्यसंग उज्यालो सापट मागे– सूर्यले अंध्यारोको समस्या बुझेर आफूले सकेको सहयोग गर्न बचन दिए तर सूर्यले दिएको उज्यालो सिधै अध्यारामा आउन सक्तैनथ्यो। उज्यालोको मार्फत आउँदा अंध्यारोले जति उज्यालो पाउनु पर्थ्यो– पाएनन्। त्यो उज्यालो उज्यालै घरमा थपियो– त्यही दमपच भयो। अडकल गरेर उज्यालो घरबाट एक मुठी उज्यालो अन्धकार गुफामा छरियो। त्यो एक मुठी उज्यालो अन्धकार गुफाको लागि एक छेउ पनि भएन। अन्धकारमा बस्नेहरू सूर्यको उज्यालो हडप गरेको देखेर क्रोधले रन्थनिए। टुक्रिएका अध्याराहरू अहिले एक जुट भएर त्यो उज्यालो खोस्न तमतयार भएका छन्।

**

हिडेको दिनलाई यसरी भनें



मुर्दा झैं टाउको लत्राएर
एउटा विश्वासिलो
दिन पनि गयो
मेरो आँखाबाट चुपचाप–
चुपचाप सधैंको जस्तो
आजको सूर्य पनि गयो।
सडक–सडकबाट
खबर आएन
मेरो कानसम्म
आज कोही शहीद भएको
शहीदको काँध विना मुर्दा झैं
आँखा अगाडि लम्पसार परेर
आजको दिन पनि गयो।
धूवाँसंग परेड खेलेर
आफ्नो इतिहास सम्झिदा
सम्झिदै पनि
आजको दिन गयो
अलिकति मेरो आँसु
आफ्नो खोकिलामा राखेर गयो
म संग केही – केही
नबोली आजको दिन गयो।
मासुका ढिक्काहरूमा
सुनौलो सपना
नछापिकनै आजको दिन गयो
आजको दिन संग संगै
मेरो एउटा विश्वासिलो
दिन पनि गयो
समय पग्लिनु थियो पग्ल्यो
तबेला भित्र बस्दा बस्दै
सूर्यलाई जानु थियो गयो
तबेलामा मुठ्ठी कस्दा कस्दै
स्वघोषित माझीहरूलाई
अझ बढी माछाहरू
मार्न हुकूम दिएर
आजको दिन गयो
समुद्रमा तथाकथित समुद्रमा
अझ बढी गोहीका बच्चाहरूलाई
आश्रय दिदै
मेरो आँखाबाट मुर्दा झैं
भएर आजको दिन पनि गयो

ढुङ्गा फुटाल्न खोज्दा
घनले आफ्नै हातको औंला
छिनेको दुःख कसैलाई दिएर
आजको दिन मेरो आँखाबाट
पनि गयो
विना सारथी म तबेलामा
मुमुंरिएर बसिरहें
आकाश अझै काला बादलका
टुकाहरूका अधिनमा रहने
आफ्नो घोषणा भित्र
अजमलिएर बसिरहें
सारथी आएको बाजा
नबजाएरै आजको दिन गयो
विना सारथी वित्यो दिन
एउटा आजको दिन पनि गयो।

दाग लगाएर फूलहरू फर्के
विवशताको गन्धलाई नाकले सुध्यो
कामदेवहरू कोट टकटक्याउँदै फर्के
सडक पोतिएन तिनीहरूका रगतले
मेरो ख्यालबाट पनि दिन गयो
मेरो आँखाबाट पनि दिन गयो
मनबाट पनि आजको एउटा
दिन गयो।

जसको रगतले पोतिनु पर्थ्यो धरती
र जसको श्राद्धको समयमा
हाँसी – हाँसी हिड्नु पर्थ्यो
त्यस्तो कुनै प्रमाण नदेखाएर
आजको एउटा दिन गयो
आँखाबाट गयो मनबाट गयो
र नाकलाई समेत अलिकति ताछेर गयो।
सूर्य गयो दिन गयो
आजको एउटा दिन पनि गयो
ठीक छ आजको एउटा दिन गयो
• भोलि म उठ्दा मलाई जाडो हुन तपाओस्
सुन्न नपरोस् मैले–
सारथी आएन
केही भएन
बन्दूक भएन
केही भएन
आजको एउटा दिन गयो
सुन्न नपरोस् दुखी छु
अझ बढी दुखित हुन्छु–
आजको एउटा दिन गयो
दिन पनि गयो आजको एउटा
धूवाँ समान, लास समान।

गजल

–मनु ब्राजाकी

आउ तिमी फर्की मलाई रुवाउन आऊ
हृदयको मरुभूमि भिजाउन आऊ।
सबैलाई भन्न पनि सकिंदैन के भो ?
आँशु मेरो दुनियाँलाई देखाउन आऊ।
ओइलाएछ भन्ने ठानी बसन्तको रूप
कागतको फूल यहाँ सजाउन आऊ।
निको हुन थालेको छ हृदयको घाउ
फूल बनी काँडा जस्तै बिझाउन आऊ।
छल छन्द बिसिएर बसेको छु तिम्रो
अबोध यो हृदयलाई फकाउन आऊ।
भक्तिएको छैन अझै सम्झनाको घर
आँधीबेरी झरी बादल चलाउन आऊ।
फूल पछि झरि जाने पारिजात जस्तै
आउ तिमी फेरि पनि फर्कि जान आऊ।

नेपाल नै महान हो

—नीलकण्ठ न्यौपाने

ए देशका सपूत हो, हे वीर राष्ट्रकर्मी हो !
यो देशको स्वतन्त्रता अखण्डता जोगाइ द्यौ !

अमानवीय दृष्टिले असभ्य क्षुद्रभावले
पराइका षडयन्त्रले र तुच्छस्वार्थवादले
फुटाइले लुटाइले कुटाइले चुटाइले
लडाइले चढाइले मिचाइले थिचाइले
हेपाइले छेपाइले जुधाइले उध्याइले
थुनाइले भनाइले डराइले कराइले

विदेशका थरी–थरी विभिन्न घुर्की धम्किले
नथकि द्यौ न हच्कि द्यौ कठोर हप्की दप्कीले
अभेद्य शक्ति अजिद्यौ बनेर सिंह गर्जिद्यौ !
अजेय भै चिताइ द्यौ परे मरेर बाँचिद्यौ
महानता गरीयता अदम्य शूरवीरता
यो राष्ट्र प्रेमको कथा दिदैछ त्यो सजीवता

अवश्य थाम्नु पर्दछ अवश्य सोच्नु पर्दछ
यो राष्ट्रको अक्षुण्णता बचाइराख्नु पर्दछ

पराइका कृपा लिने भिखारी झैं नबाँचिद्यौ
चलाइ पाखुरा स्वयं सबै कुरा जुटाइ द्यौ
यो मातृभूमिमा तिमी खन्याइ शीप जाँगर
सबै कुरा हरा भरा फुलाइ द्यौ फलाइ द्यौ

गजल

—राजकुमार के. सी.

सधैं सधैं बगिरहने आँसुहरूलाई के भयो ?
हेरी कतै टोलाइरहने आँखाहरूआई के भयो ?

गीत छैन खुशीको कतै ओंठहरूमा
सारंगी बजाउने हातहरूलाई के भयो ?

आकाश निश्चल भई हेरिरहन्छ संधैं
जुनताराहरूलाई कुन्नी के भयो ?

आँसु बगिरहन्छ संधैं आँखाहरूबाट
परदेश जानेलाई आज के भयो ?

बोलाउँ कसलाई म यो बगरबाट
विरह गाउने ती ओंठहरूलाई के भयो ?

गरेर अङ्कमाल नै सबै हिडौं सबै बसौं
सबै संग समान भै समाजमा सुखी बनौं

परे मरौं न भोकमा डढे डढौंन आगमा
विपत्तिको सबै मिली परे गरौं न सामना !

परन्तु मातृभूमिको अखण्डता लुटाउन
हुँदैन यो नेपालको स्वतन्त्रता गुमाउन

नेपाल दिव्य धाम हो नेपाल पुण्यधाम हो
नेपाल एक प्राण हो नेपाल नै महान हो ।

पूर्वखोला, पाल्पा

मरिरहेको परिवेश

–मुरारि पराजुली

एकपटक हानेर छातीमा मुड्कीले
यो अति नग्न र सम्वेदनशील घडीमा
मनलाग्छ
रोइदिन देशका दुखाइहरू
एककोशी आँसु चुहाएर भलभली
देखिरहेछ स्पष्टै आँखाले
गिजोलिरहेछन् कामुकताले भूतहरू
दुर्बल धर्ती आमाका अस्मिताहरूमा
र, कानले सुनिरहेछ प्रकष्टै
घिनलाग्दा फोहोरा लासहरू
तर विवश
निच मारेर हेरिरहेछौं
र, सुनिरहेछौं मुख विच्क्याएर
आमा
खुट्टा फालीफाली रोइरहेकी छन्
हेर्दै
आत्मग्लानी मात्र गर्ने सन्तानलाई
शून्य आकाश संग गुहार माग्दा
कपाल जगल्ट्याउँदै शैतानहरू
बेस्सरी खुट्टाहरू तानिरहेका छन्
हावामा मिसिदै बेसहारा आवाज
मरूभूमिमा
पानी खन्याउनुको औचित्यता जस्तै
रोइरहेकी छन्
बस्, निरन्तर रोइरहेकी छन्
छैन बारिसे कुनै बोलिदिने
आमाको नग्न विभत्सतामा
छोराहरू मौन र चीर शान्त छन्
च्यातिइरहेछन् गुन्युका फेरहरू
चिच्याउँदैछिन्
अझै डाँको छाडेर आमा
खोइ कसैले पनि एकपटक
टाउको उठाएर बोल्न सकेन
सुनेको स्वीकार गर्न मानेन
आमाका मासुमा असुरले दाँत गड्दा पनि
छाती पौलाएन आत्मविश्वासको
आमा
रूँदारूँदै रूत विसिन्
थाकिन्
छटपटाउँदा – छटपटाउँदै
च्यापुमा हात राखेर
सोच्ने सन्तानहरू
आफ्ना कायरता विसिन जानेनन्
यसको पनि एउटा हद हुनुपर्ने
आकाश चिरिन पर्ने रूवाइले
मौनता बौलाउनु पर्ने दुखाइले
तर, आमा लुटिएर
मृतप्राय मात्र होइन
मरिसकेकी पनि छन्
सन्तानहरू
बाँचेर पनि मरिसकेका छन्
र, अर्कोपल्ट फेरि आजको दिन
आफ्नो मलाम गएर मान्छेहरू
काट्टो खाइ सेतै पहिरनमा
आफ्नो बरखी बारिरहेछन् ।

मणिग्राम–रूपन्देही

यात्रास्मरण

चरिकोट संग गाँसिएका दुई सम्झना

—रामप्रसाद पन्त

मेरो यो अनायासै उठेको लहड होइन करीब १०–१२ वर्षको उमेर देखि बढ्दै गएको चाहना हो। जब मैले नक्सा हेरेर नेपाललाई चिनें पूर्व देखि पश्चिम सम्म लमतन्न सुतेको हिम श्रेणी पर्वतमाला र समतल भूभागले तीन चीरा परेको विषम र अनौठो खालको भूभाग।

तर ती ती ठाउँमा पुगेर प्रत्यक्ष अनुभव गर्ने कसरी ? साँझ र बिहानको समस्यामा हात र पैताला खियाउनु पर्ने म जस्तो मध्यम वर्गीय परिवारलाई त्यो फुर्सद कहाँबाट र श्रोत के ? कठिन थियो मेरो अभिलाषा पुरा हुन। विद्याकी अधिष्ठात्रीले मगज शुद्ध गरिदिए पछि र पारिवारिक सामन्जस्यताको साथै आत्मबलको समेत संमिश्रण भएपछि मेरो जीवनमा एउटा मोड आयो। विभिन्न परिस्थिति वश म पढ्नको लागि बनारस पुगें र त्यहाँ मैले पाँचवर्ष बिताएँ। त्यसबेला पनि मेरो भ्रमण गर्ने र नयाँ नयाँ कुराहरूको अनुभव गर्ने अभिलाषा मरेन। एकछिनको फुर्सद पाउँदा पनि म चुप लागेर बस्दिनथे। त्यहाँका ती वर्षहरूमा म उत्तर प्रदेशको मुख्य मुख्य भू-भाग र आसाम, कलकत्ता, पन्जाब, हरियाणा, दिल्ली, आगरा, मथुरा, वृन्दावन जस्ता धेरै शहरहरूमा म पुगें र त्यहाँका दर्शनीय स्थलहरूको निरीक्षण गरें।

यति हुँदा हुँदै पनि आफ्नै देशको राजधानी देख्न नपाउँदा खल्लो अनुभव हुनु स्वाभाविकै थियो। 'चिताउनु मात्र पर्छ ईश्वरले पुऱ्याउँछ, भन्छन् साच्चै नै मलाई त्यस्तै भयो। माष्टरी पेशामा लागेर गाउँले जन जीवनमा रम्ने कल्पना गरेको मान्छे काठमाडौं आएको पनि अहिले दर्जनौं वर्ष बितिसके। अब म शहरको कोलाहल देखि वाक्क भै सकेको छु र समय परिस्थितिले भ्याएसम्म नेपालका डाँडा–काँडा खोला-नाला र तराई–बेसीको दृश्यावलोकन गर्दै प्राकृतिक सौन्दर्यमा रमाउने आकांक्षालाई अगाडि सारेको छु।

मैले अहिले कोट्याउन लागेको प्रसंग दोलखा जिल्लासंग सम्बन्धित छ। अब त्यतैतिर लागौं–जागौं,रको सिलसिलामा म तीन दिने भ्रमणमा चरिकोट (दोलखा) जाने भएँ। मोटरको व्यवस्था कार्यालय-

वाटै भएको थियो । कामको लागि खटिने म मात्र थिएँ तर त्यसको फाइदा मेरी श्रीमतीले पनि उठाइन । आफ्नै कामको सिलसिलामा मेरा दाजु पनि जाने हुनु भयो । अब हामी चालक सहित चार जना भयौं ।

कार्यालयको कामले काठमाडौंमा चक्कर लगाई रहन परेकोले भक्तपुर टेक्दा घडीले चार हान्यो । समय जाडोको थियो, दिनको आयु पनि कम । धुली-खेलबाट ओरालो लाग्दा झमक्क साँझ पऱ्यो । दोलाल-घाट पुग्दा सिमसिम पानी पर्न शुरू भयो । त्यहाँ हामीले चिया खायौं । त्यो बाटोका अनुभवी दाई मात्र हुनु भएकोले मैले उहाँलाई सोधें–अब यहाँबाट अगाडि बढ्न कति उपयुक्त होला ? लामोसाँघुमा रात्रीको व्यवस्था हुन सक्छ कि सक्दैन ? र त्यहाँबाट पनि हामी अगाडि बढ्यौ भने बीचमा बस्ने व्यवस्था हुन सक्छ कि सक्तैन ? उहाँले यति मात्र भन्नु भयो– "जाउँ खारीचौर (लामो साँघुबाट चार कि. मि. यता) पुगेर विचार गरौंला ।"

हामी इन्द्रावती पार गरेर अलिकति उकालो उक्ली पुनः ओर्लेर सुनकोशीको किनारै किनार खारी-चौर पुग्यौ । त्यहाँ पुग्दा सात बजिसकेको थियो । माथिबाट पानी परिरहेको र अपरिचित बाटोको कारणले त्यो रात्रीको समयमा म अगाडि बढ्ने पक्षमा थिइन तर दाई ओर्लेर बाटोको बारेमा जान-कारी लिनु भयो– बाटो ठीक छ कि छैन ! मोटर-हरूको आवत जावत हुन्छ कि हुँदैन ? थाहा भयो बाटो ठीक रहेछ । दाईले उत्साह देखाउनु भयो– "जाउँ अघिबढौं ।"

त्यसपछि हामी सुनकोशी तरेर ११० कि. मि. लामो स्वीस सरकारद्वारा निर्मित जिरी राजमार्ग तिर लाग्यौं । म त्यो मार्ग संग त्यतिकै अपरिचित थिएं जति त्यो समय थियो– अर्थात् अन्धकार । निर्जन वन जतातत्तै शून्य । बाटोको दायाँबायाँ लगाइएका रूखहरू देखेर मैले स्वीस सरकारको भूरी भूरी प्रशंसा गरें । हुन पनि रातको समय मोटरको बत्तीको उज्यालोमा दायाँ बायाँ उभिएका रूख बाहेक अरू केही देखिदैनथ्यो । बाटो देखेर मेरो मन धेरै प्रफुल्लित भयो । साँघुरो भए पनि सफा र सुन्दर कतै-रातो माटो सम्म नदेखिने । अर्को दिन मात्र मैले थाहा पाएँ–स्वीस सरकारले दूरदर्शी नीति अपनाएको रहेछ, भत्केला कि भन्ने शंका लागेको ठाउँमा पक्को पर्खाल जमाएको रहेछ ।

हामी घुम्ती–घुम्ती हुँदै उकालो उक्लिदै थियौं जति उचाईमा जान्थ्यौं उति चिसोको मात्रा बढ्दै जान्थ्यो । सीतले बाटो चीसो देखिन्थ्यो वृक्षका पातहरू हावाको झोकामा बाटोमा सलवलाई रहेका थिए । चालक विश्वसनीय र गाडी ठीक अवस्थामा भएको कारणले मोडाई चढाई र कुदाईमा एकरूपता आएको थियो । जसबाट हामी गाडीको गडबडीबाट निश्चिन्त्य भएका थियौं । अर्थात् सोचे भन्दा बढी आनन्दको अनुभव गरिरहेका थियौं ।

हामीलाई दाईले पथ प्रदर्शकको रूपमा काम रहनु भएको थियो । हामी ठूलोपाखर पारगरेर मूढे हुँदै खरी ढुङ्गा तिर लाग्दैछौं रे । यसै क्रममा मोटर-को उज्यालोमा बाटामा सेतो पन देखिन थाल्यो । यो के हो सेतो सेतो ? मैले सोधें । हिउँ पर्न लागे होला–

मैले उत्तर पाएँ । हामी जति जति माथि चढ्दै गयौं उति उति हिउँको वर्षा बढ्दै गयो ।

बाटोमा हिउँ जमेको कारणले मोटरको गतिमा मन्दता आयो । कारण हिउँमाथिबाट हिड्दा चक्का चिप्लिदो रहेछ । अब मोटर हिलोमा हिडेझैं त्यो हिउँमा चक्काले बाटो बनाएर मन्द गतिमा हिड्न थाल्यो । उकालो सकिनै लागेको जानकारी मिल्दा एउटो जीप बाटोको किनारमा एउटा प्यारापीठमा गैं अडिएको देखेर हामी झसंगै भयौं । २-३ जना मान्छे आगो बालेर त्यहीं बसेका थिए। हामीले सोध्यौं- "माथिबाट ओर्लंदा हिउँमा चिप्लिएर यस्तो हुन हुन गयो, भाग्यले दुर्घटनाबाट बच्यौं ।" त्यसपछि त हामी झन कछुवा चालमा गाडि चलायौं । ३२ कि. मि. लामो उकालो बाटो सकिएपछि खरीढुङ्गाको डाँडामा अलिकति तेर्सो लाग्नु पर्दो रहेछ । त्यहाँ वृक्षहरू थिएनन् त्यसैले उज्यालो पनि बढी थियो । यथावत् वर्षिरहेको हिउँको दृश्य साँच्चै देख्ने लायक थियो । दायाँ बायाँ थुप्रिएका खरीढुङ्गाहरू हिउँले पुरिएका थिए । जतातत सेताम्य अत्यन्तै सुन्दर दृश्य थियो । प्रकृति प्रिय भएर हो कि किन हो मलाई त्यो दृश्यले ज्यादै मोहित गरायो र मोटर रोकाएँ । हामी सबै मोटरबाट ओर्ल्यौं र एक छिन भुवादार हिउँमा हिड्यौं, हातले समातेर खेलायौं । बाटोमा जमेको हिउँलाई नाप्यौं, अन्दाजी २ इन्च जति जमेको रहेछ । जाडोले जिउ कामी रहेको थियो, हामी धेरै बेर बसी रहन सकेनौं ।

त्यहाँबाट हामी चरिङ्गे डाँडा हुँदै चरिङ्गे खोला तिर ओरालो लाग्यौं । उकालोमा भन्दा ओरालोमा दोबर खतरा हुने भएकोले हाम्रो गति निकै मन्द भयो । अलिकति ओर्लेर तेर्सो लागेपछि मात्रगतिमा तीव्रता आयो । यसै क्रममा अतिपर एउटा विशाल प्रकाश (उज्यालो) देखा पऱ्यो । हामीले अन्दाज लगायौं- त्यहाँ कुनै खानी होला अथवा बाटोको आकस्मिक काममा ज्यामीहरू लागि रहेका होलान् । हामी जति अगाडि बढ्दै गयौं प्रकाश पनि त्यत्तिकै नजीक हुँदै आयो । हामी ज्यादै नजीक भएपछि त्यो प्रकाश एउटा ज्वालाको रूपमा देखियो । बीचको सानो खोल्सो तरेर पारी पुग्दा त्यो उज्यालो झ्याम झूम निभ्यो ।

बाटोमा परदेखि वर सम्म प्रज्वलित कोईला खसेका देखिए । मोटरको गति केही मन्द भयो । बाटाको दाँया बाँया हेर्यौं, स्वर सुन्यौं तर मान्छेको कुनै पत्तो पाइएन । बाटोबाट तलमाथि जाने कुनै गोरेटो बाटो पनि थिएन । यस घटनाले हाम्रो मनमा शंका उब्जायो । मेरो दाईले सहजै भनि हाल्नु भयो- "प्रेतात्मालाई पनि त हिड्नु पऱ्यो, यस्ताको बास्ता गर्नु हुँदैन जाउँ जाउँ ।" हाम्रो मुटु ढुक्क फुल्यो । दाईले ड्राईभरलाई सतर्क बनाउनु भयो-डर मान्नु पर्दैन । नआत्तिएर जाउँ ।

यसै क्रममा हामी चरिङ्गे खोलो पार गरेर तेर्सो उकालो हुँदै चरिकोट पुग्यौं । एक दुई पसलमा धिप धिप बत्ती बले बाहेक बजार सुनसान थियो । हावाको साथमा पानी सिम सिम परिरहेकोले जाडो बेजोड थियो । समय-एघार बजेको थियो । हामी एकछिन अलमल्ल पऱ्यौं मोटर कहाँ अड्याउने ? कहाँ खाने र कहाँ सुत्ने ? हामी छाम छुम गर्दै पिलपिल बत्ती बलेको एउटा पसलमा पुग्यौं त्यो पाण्डेको पसल रहेछ । भात सम्भव थिएन त्यसैले चाउचाउ बनाउन लगाएर टन्न खायौं । उनैको सहयोगले हिमचुली लजमा रात्री विश्रामको व्यवस्था मिलायौं । सुत्न लाग्दा एक बजेको थियो । धेरै बेर सम्म मलाई बाटोका ती अविस्मरणीय दुई दृश्यहरूले काउ कुती लगाई रहे १-हिमपात भई नै रह्यो २- ज्वालो दन्की नै रह्यो । आज पनि चरिकोटको नाम लिंदा ती दुई दृश्यहरू झलझली याद आउँछन् । ✶

कवि भूपीको बारेमा एक चिट्ठी

–यज्ञनिधि दाहाल

"भूपी, प्रत्येकक्षण कविता भएर बाँचीरहनु भएको थियो, उहाँको जीवन शैली नै कवितामय थियो।"

–गोविन्द ब. मल्ल 'गोठाले'

"देवकोटा पछि नेपाली कवितामा जनस्तरमा यति प्रसिद्ध अर्को कवि अद्यापि छैन।"

–शिव अधिकारी

"कसैको केही नखाईकन नै भूपीले सबैलाई केही न केही खुवाए, राष्ट्रलाई त अझ कति हो कति।"

–जैनेन्द्र जीवन

भूपीका निति यी तीन उद्धरणहरू मैले बेग्ला–बेग्लै मोलका मानेको छु। एक पटक सङ्गत गरेपछि कहिल्यै छाप नछुट्ने व्यक्ति दुनियामा कम हुन्छन्। त्यो पनि कविमा। भूपीदाई आज जानुभयो, वैशाख-का दिनसम्म उहाँले असंख्य चोट खानुभयो, तर एक अनमोल छाप हामीलाई दिनु भयो, त्यो नै हाम्रो निति सधैं–सधैं चित्त चिमोटी रहने विषय बनेको छ। कृति हजारौं हुन्छन्, मानिस लाखौं पाइन्छन् तर विर्सी नसक्ना कृति पाउनु र छोडी नसक्ना मानिस पाउनु धेरै गाह्रो हुन्छ। असम्भव नै हुन्छ। 'घुम्ने मेच माथि अन्धो मान्छे' मात्र एक कविता संग्रह दिने साहित्यकार द–दश वर्ष प्राज्ञ हुनुभयो। एक संग्रह पनि नदिने प्राज्ञ छन् दुनियामा। अवसर छोपाइको कुरा बेग्लै। भूपी अवसर छोपाईको कारण प्राज्ञहुनेमा पर्नु हुन्न।

कविता कसरी जन्मन्छ? कविता जन्माउने आमा को हो? कविताको न्वारान कहिले हुन्छ? यी प्रश्नको उत्तर दिन मलाई आज मन लागेको छ। मानिलिनुस् यी प्रश्नहरू मलाई दूर प्रदेशमा पढ्दै रहेकी मेरी छोरीले चिठ्ठीमा सोधेर पठाएकी छ त्यसैको उत्तर हो यो। चिठ्ठीको उत्तर चिठ्ठीकै शैलीमा छ है त?

नानू? रसिलो कुराको उत्तर दिनुछ, निरसिलो पो हुन्छ कि! मन अलिकति मारेर पढ्नु। पढ्दा–निकैबेर गढ्नु अनि अडेर अघि बढ्नु ल? कविताको न्वारान असाध्य गाह्रो गरी हुन्छ, कविता जन्माउँदा जन्माउनेलाई पनि थाहा हुन्न त्यसैले कविताकी आमा हुन्नन्, आमा नै नभएको कविताको लागि जजमान बस्ने बाबु कोहोस् र न्वारान होस्।

मुलुकमा भानुभन्दा माथिको हैसियतमा हुने-हरूको बारेमा तिमीले प्रशस्त पढेकी छौ। तिनीहरू

दाउरा अर्कालाई चिर्न लाउँछन् तर आगो आफू बाल्छन् । दाउरा चिर्ने चिसैमा सुत्छ र चिसै चिज खाएर बाँच्छ । ऊ गलेंचा बुन्न राम्ररी जान्दछ उही चाँहि चौरमा पसारिन्छ । उसले ठूल–ठूला ठेउला फुटाएको छ उही चाँहि सेउला सोहोर्न पनि अरूलाई सोध्छ । उसले बाउला भएका लुगा लाउन कहिल्यै पाएको छैन तर नाङ्गा पाखुरीले ब्यौला चढेका डोली बोक्छ । उसको गोत्र ऊ आफैलाई थाहा छैन तर ऊ स्तोत्र घोक्छ । यस्तो अवस्थामा जसको देहीले जे देख्छ, त्यही इमानलाई अंगालेर त्यसैले कसैको छाती खन्खन्ती खन्छ । खनिएको छाती भित्र एउटा कविता छटपटाउँछ । कविता भर्खरको भ्रूण रहेछ भने छातीभित्रै धेरै समय लुटपुटाउँछ । अनि समय पुगे-

****

श्री ५ युबराजाधिराज दीपेन्द्र वीर विक्रम शाहदेव सरकारको १९ औं शुभ–जन्मोत्सवको सुखद उपलक्ष्यमा मौसूफ सरकारको दीर्घायु, सुस्वास्थ्य र उत्तरोत्तर समृद्धिको लागि मङ्गलमय शुभकामना प्रकट गर्दछौं ।

–जनकपुर चुरोट कारखाना लि.
परिवार

****

पछि त्यो निस्कन फटफटाउँछ । हुँदा–हुँदा भित्रबाट हुत्तिएर कविता फुत्लुक्क बाहिर उदाउँछ । उदाएको कविताले यसो आँखा जुधाउँछ । जुधाएको आँखा जस्को हुन आउँछ त्यही दिनदेखि कविताको मातृत्व कवि कलहलाउँछ । अब निचोड यति सम्झ छोरी ? कविताको जन्म भएकै दिन आमा चिनिने र नाम पनि चुनिने हुन्छ ।

भूपी शेरचनले असंख्य आयुष्मानहरूको अकाल मै मृत्यु भएको देखे "भारी ट्रकमनि थिचिएर, मन्यो एउटा कलिलो ठिटो हत्केला खोलेर । उसको आयुरेखा लामो थियो । लामो थियो, मेरो विगत असफल सपनाहरू जस्तै ।"

कविको उदाहरण दिन मैले भूपीको नाम कोट्याएको हुँ । १९९२ सालको मुस्ताङको थाक खोला टुकुचेमा जन्मिएको एक बालकलाई हितमान नामका उसैका बुबाले मुख हेर्न पनि बर्खौं लाग्यो । कारण एक मात्र थियो । उ जन्मना साथ उसकीआमाको निधन भएकोले 'आमा टोकुवा' गालीनामले घरायसी संस्कारबाट त्यो बच्चो हेपियो । तीखो बुद्धि भएको थियो उ । अलि हुर्कंदै गएपछि उसले आफ्ना भर्खर पलाउँदै गरेका कलिला गीजासंगका दाँतलाई छाम्थ्यो रे! कसरी मेरी आमालाई यी दाँतले टोके होलान् ! उत्तर पाउँदैनथ्यो । तर अरू–अरू बच्चालाई आमा-को काखी र काख मिलेकोमा उसलाई असह्य छट्पटी हुन्थ्यो । छट्पटीनै साहित्यको पहिलो श्रोत रहेछ । त्यसरी जन्मजात छट्पटीमा परेको भूपेन्द्रमान शेरचन जुनीभरी चैनले बसेन । एकलोमोजको निमित्त उसले अरूलाई दाह्रा घसेन । नामको निमित्त मात्र नमीठो गरी व्यापारी बजारमा पसेन । मानवीय

स्वाभिमान निमित्त मनुष्यत्व बेचिने गरी कसैसँग नूर गिराएर घुंडा टेक्ने पटुकी कसेन ।

जे देख्यो त्यो लेख्यो, लेखता कलात्मक कालीगढी दिएर लेख्यो । तमामले भोगेको भोगाइ अचेतेर समेटेर लेख्यो । रससिद्ध लेखन थियो उसको । थोरैमा धेरै–, संक्षेपमा बिस्तृत, सजिलोमा गहीरो एउटैमा अर्थ हुन्छ ओइरो । भूपीको लेखनलाई अरूसंग दाँज्नै हुँदैन । यस अर्थमा– भूपी अतुलनीय व्यक्तित्व मान्नुपर्दछ एउटा चुरोटसंग नेपालीको समग्र मर्म अटाउने खुबी छ उसमा "यहाँ जो आउँछन् मुटुभरी आगो र ओठ भरी ज्वाला बोकेर आउँछन् यहाँ जो बस्छन् हातभरी खरानी र आँखा भरी धुवाँ बोकेर बस्छन् र यहाँबाट जो जान्छन् पोल्टाभरी निभेका बिश्वाहरू र ठुटा सपना सोहोरेर जान्छन् । यस्तो छ यो गार भञ्ज्याङ खाल्डो । चीसो एष्ट्रे जस्तो छ यो चार भञ्ज्याङ खाल्डो ।" सूक्ष्ममा पारदर्शी, सरक्कमा मर्मस्पर्शी भूपी शेरचनका अनौठा विशेषता छन् ।

ठट्टा गराईमा, मनोविनोदमा, गीत गाउनमा, निष्ट र शालीन व्यवहारमा कसैले नजित्ने उहाँलाई । विल्वभरिका साहित्यकारले भोगेका विधि व्यवहार र भोगाइका हजारौं घचहरू थिए उहाँको मस्तकमा । पढ्न असाध्य पढ्ने तर पढाइको पौरख देखाउन कहिल्यै ठयास्पूमा अल्मलिएको कुराले अर्काको समय नलिने । चाहिने–ठाउँका ठीक पुग्दो र भरपर्दो सूक्ति दिन कहिल्यै पछि नपर्ने । थुप्रै–थुप्रै गुणछन्– कवि भूपीका । सबै–गुणको बयान एक यानमा मात्र हुनै सक्तैन । अन्तमा यति चाँहि भनौं अथाह सम्पत्ति का भण्डार भोगेर एक–एक कञ्चोको हिसाव कुंल्याउनेहरूले नेपाली मानसिकतालाई दह्रो–गतिलो–आँटिलो–र उम्दा बनाउन अलिकति पनि मद्दत गरेछन् भने अहोभाग्य । नत्र आफ्नो र आफ्ना ठहरिएकाको मात्र लाद्रो भर्नमा तल्लीन भएर धनका तुलुक देखाउँदै समाजबाट जो जान्छन् ती खिच्चा खुंदुकिएकै मोलमा हुन्छन् भने कोही धनी परिवारमा जन्मिएर पनि निर्धनको चिन्ता लिन्छन् सकेसम्म मद्दत गर्दछन् र समाजको समग्र उत्थानको बाटो हेर्छन् भने ती चाहिं धेरै परसम्म बाँच्छन् । धनी परिवारको धनिक गनिने भएकाले भूपी शेरचनको बयान गरेको होइन–हो गरीब गाथामा समर्पित भएकोले–चाहिं पक्का ।

जोन फोष्टरको एक भनाई छ "व्यक्तिको अन्तिम अङ्ग कर्तव्य हो ।" यो भूपीको निमित्त काम लाग्छ । उनले 'सर्वहार लेखे' उनले कम्युनिष्ठका मात्र कविता लेखेनन्, नारी नङ्गयाउन पाए उनलाई

****

श्री ५ युवराजाधिराज दीपेन्द्र बीर विक्रम शाहदेव सरकारको १९ औं शुभजन्मोत्सवको सुखद उपलक्ष्यमा मौसूफ सरकारको सुस्वास्थ्य तथा दीर्घायुको निमित्त भक्तिपूर्वक हार्दिक शुभकामना टक्याउँदछौं ।

–कृषि विकास बैंक
केन्द्रीय कार्यालय

****

पुग्थ्यो, ठूलो व्यापारी घरानका सदस्य, संभ्रान्त, आदि–इत्यादि काइते भनाइसंग मेरो मिलिमतो छैन । भूपी 'कवि' थिए । कविको परिभाषामा 'क्रान्तदर्शी शब्द पनि पर्दछ । क्रान्तदर्शी मात्र सधैं बाँच्ने, जनता भित्र 'जनार्दन' भएर नाच्ने, समाजले साझा संपत्तिको रूपमा साँच्ने हुन्छ । भूपी क्रान्तदर्शी थिए । त्यसैले उनी 'नोलीकोपापा' भएका छन् । 'सानो' छनकबाट नै 'ठूलो' अर्थ लाग्छ । चिसो एष्ट्रे कविता एक उदाहरण पेशेको छु । त्यसमाथि म एक निबन्ध लेखौं है त ?।

"नरमाने कहाँगको जेठ्यामैं ?" शनेले सोध्यो। जेठ्यामैले उत्तर दिइन 'नेपाल सदर' । भन्दैगइन् "कति सहेर बसोस् बिचरा । त्यसै त टुहुरो दमाइ । त्यत्रो खायल बारी–खेत सबै लालबीरया खलकले लटपट्याए । उसकी आमा पनि काललै मरेकै होइन । आसछे राम्री थिई । एक दिन तल विरौटा मुनी उत्तीसको हाँगामा फली । अल्लारे नै थिई यसो बोले उसो पर्छ भन्ने थिएन । नरे जन्मेको छ महीनामै फेरी पाउने भई । नरेको बाबु पनि बखतको बेठीमा बाजा बजाएर फर्केको रातमै ठहरै भएथ्यो । मीठो तरकारीको झोल बखत बूडाले आपनै हातले दिएथ्यो रे । भोलिपल्ट लास पहलेपुर देख्ता कर्मले छिपाउन सक्ने कुरै थिएन– अघिल्लो दिन खानामा अबिजाल पऱ्यो भन्ने कुरा । राम्री–नराम्री विछट्टकी चनमते थिई गुदुली । गुदुलीले कम्मर–लर्काई–लर्काई रोपार-उछिनेर गाभा गाडेको, मेलो अघि सारेको दिनभरी हेरिरहेथ्यो बखतेले । लरमाने पेटमा हुँदो हो उसवेला । पछि पोई नभएकी दमिनीले गर्भ बोकी भन्दा बखतेले नयाँ घर समेत बनाएर राखिदिने कुरा बताईहिड्थी बिचरा !! अहिले नरमानेको झुप्रै मासेर ब्याड बनायो बखतेले । निया खोज्न गयो नै बिचरा । नेपाल सदरमा नपुगुञ्जेल सम्मको दुःख त हो नि । उठीवासै लागेपछि त राजाका ढोकामा डाको नछोडे कहाँ जानु ??। नरमानेले बुद्धि पुऱ्याएकै हो ।" यस्ता नरमानेहरू कति आउछन् । यो खाल्डोमा । तिमी आफैं कल्पना गर "यहां जो आउछन् मुटुभरी आगो र ओठभरी ज्वाला बोकेर आउछन्" नरमानेकै लागि लेखेको हरफ हो कि होइन यो ! त्यसपछि नरमानेको कम्जोरी माथि बेपार गर्न कति भलाद्मीहरू यहाँ बसेका छन्, कसो गर्छन् त्यो पनि तिमी आफैं कल्पना गर । हातभरी खरानी र आँखाभरी धुँवा हुन्छ कि हुँदैन ! अन्तमा हत्तोहरान भएपछि हजारौं नरमानेहरू यस खाल्डोबाट कसरी फर्किएका छन् । निभेका विश्वासहरू र टूटा सपनाहरू सोहोर्नु सिवाय अरू के नै उपाय उठ्छ र । व्यक्तिको हैसियतले भूपी कसैको छोरा कसैको पोइ, भाई, बाबु आदि थिए अरू–अरू जस्तै । तर कर्तव्यको हेक्कामा उनी कवि थिए । यसको दशीमा "सर्पको खोजीमा" बेग्लै पढ्नु पर्दछ । कविको कर्तव्य कविता उब्जाउनु हो । उनले उब्जाए । जोन फोष्टरको भनाइमा उनले आफ्नो अङ्ग पुरागरे । अर्को एक महान् उक्ति छः– "कुनै व्यक्ति कति बाँच्यो त्यसको केही मतलब छैन मतलब त त्यसमा छ कसले के दिएर गयो ।" यसलाई निरूत्तर गर्ने अर्को उक्तिनै छ "कसैको जीवनमा गन्नलायक कुरा नभए उसको आयु पनि हामी नगनौं" बस 'मैनबत्तीको शिखा', सर्पको खोजीमा, हामी त तितरा ... ... का बारेमा बेग्ला–बेग्लै निबन्ध लेखौंला । बिसाएँ । ★

साहित्य चोरी गर्नु अपराध हो

–ललिजन रावल

जन्म मिति– २०२१ पौष

स्थान– कालिका गा. पं. अछाम

प्रकाशित कृतिहरू– यस पटक पनि (कविता संग्रह) केही गजलहरू (गजल संग्रह) बिरानो यो ठाउँमा (गजल संग्रह)

(वर्तमान युवा जगतका संवेदनशील तथा प्रतिभाशाली कवि ललिजन रावलका थुप्रै रचनाहरू पाठक समक्ष पुगिसकेका छन्। विगत एक दशक देखि साहित्य क्षेत्रमा लाग्नु भएका श्री रावलले थुप्रै साहित्यिक गोष्ठीहरूमा समेत आफ्नो अभिव्यक्ति दिंदै आउनु भएको छ)

प्रस्तुत छ उहाँसँगको भेटवार्ता–

सोधाई–कविताबाट आफ्नो साहित्यिक यात्राको थालनी गरेर यहाँ एक्कासी गजल विधातिर कसरी लाग्नु भयो? गजल लेख्ने प्रेरणा कसैबाट पाउनु भयो या आफैं ?

भनाई– मेरो मूल विधा काव्य हो र गजल पनि काव्यकै एउटा उपविधा हो। शुरूमा मैले कविताहरू मात्र लेखें तर आफ्नो लेखनकालको केही समयपछि अर्थात २०४१ साल देखि म गजल लेख्न थालें। हुनत मैले पहिलो गजल २०३८ सालमा लेखेर एउटा पत्रिकामा छपाएको पनि थिएँ तर त्यसताका मलाई गजलको खास स्वरूप र विशेषता या भनौं गजलको संरचना बारे केही ज्ञान थिएन। ०३९–४० देखि म उर्दू गजलहरू पढ्न थालें। उर्दू गजलले विस्तारै मलाई यति प्रभाव पार्‍यो कि मैले

पनि गजल लेख्न शुरू गरें । यसकारण मैले गजल लेख्ने प्रेरणा कुनै व्यक्तिबाट होइन कि उर्दू गजलको अध्ययनबाट पाएको हुँ ।

सोधाई– नेपाली साहित्यको इतिहासै हेर्दा ज्यादै थोरै कविहरूले मात्र गजल विधामा कलम चलाएका हुन । फेरि कोही 'गजल' नेपालीमा हुँदै हुँदैन पनि भन्ने गर्छन् यहाँको यस सम्बन्धमा के मत छ ?

भनाई– कुनै पनि भाषाले स्वयं साहित्यको रचना गर्दैन । आफ्ना भावनाहरू सौन्दर्यमूलक तरीकाले व्यक्त गर्ने भाषा एक अर्थमा माध्यमको रूपमा अघि आउँछ । त्यस्तै साहित्य भन्दैमा साहित्य स्वयले विविध विधालाई जन्माएको हुँदैन । यो त भाषाको विकास हुने क्रममा विभिन्न लेखकहरूले जन्माउने र भित्याउने गर्दछन् । 'नेपालीमा पनि कविता लेख्न हुन्छ र ! भन्ने समयमा भानुभक्तले रामायणको काव्यात्मक अनुवाद नेपालीमा गरे । शुरूमा यो अनौठो पनि लागेको थियो होला । तर त्यसपछि नेपालीमा मौलिक महाकाव्यहरू पनि प्रशस्त लेखिए । गजल पनि फारसी, उर्दू, हिन्दी, हुँदै नेपालीसम्म आइपुग्यो । मोतिरामले यसलाई नेपालीमा भित्याएर एउटा नौलो काव्य विधाको श्रीगणेश गरे । आज पनि 'गजल' नेपालीमा लेखिनु हुन्न भन्ने आग्रह कसैले राख्छ भने त्यो नेपाली गजल प्रतिको गैर समझदारी र गलत दृष्टिकोण हो भन्ने मलाई लाग्छ । जहाँसम्म थोरै कविहरूले मात्र किन यसमा कलम चलाए भन्ने सन्दर्भ छ त्यसबारे मलाई के लाग्छ भने गजल एउटा अति समवेदनशील र कोमल विधा हो त्यसको स्वरूपलाई यथावत राखेर आज मान्छेले भोगिरहेका जुन क्षणहरू हुन् तिनलाई गजल द्वारा अभिव्यक्त गर्न कठिन लागेर पनि यसमा थोरैले कलम चलाएको हुन सक्छ ।

सोधाई– गजलका केही नियम पनि छन् कि ?

भनाई– नियम भन्नु भन्दा पनि गजलको आफ्नै संरचनात्मक स्वरूप छ भन्न सकिन्छ । गजल गेय प्रधान हुन्छ या गाउन सकिने हुनुपर्छ । यसकारण कविमा मात्रिक ज्ञान हुनु आवश्यक छ । गजलका कुनै पनि शेर (श्लोक) आफैमा पूर्ण हुन्छन् र हरेक दुई पंक्तिमा पहिलो पंक्तिले उठान गरेको रहस्य या सन्दर्भलाई दोस्रो पंक्तिले पुष्ट्याउँछ । उर्दूमा गजलले मतला, रदीफ र काफियाद्वारा आफूलाई चिनाउछ । नेपालीमा भन्नु पर्दा गजल त्यस काव्य रचनालाई भनिन्छ जसका प्रथम दुई पंक्तिहरू (मतला) अनुप्रासयुक्त वा मिलेका हुन्छन् र त्यसपछिका सम्पूर्ण विजोर पंक्तिहरूमुक्त हुन्छन् जोर पंक्तिहरू भने प्रथम दुई पंक्तिहरूसंग मिल्न आएका हुन्छन् । गजलमा कम भन्दा कम यी नियम पुऱ्याउनै पर्छ ।

सोधाई– यहाँ हिजो आज विशेष गरी गजलकारका रूपमा बढी चर्चित हुनुहुन्छ । गजल र कविता बाहेक अन्य कुनै विधामा कलम चलाउनु भएको छ ?

भनाई– कविता र गजल बाहेक मैले केही कथाहरू पनि लेखेको छु र कथाहरू २०३८ देखि २०४२ सम्म फाट्टफुट्ट छापिए, त्यसपछि मैले कथा लेखिन । केही समीक्षाहरू र साप्ताहिक पत्रिकाहरूमा लेख निबन्धहरू यदा कहीं लेखेको छु ।

सोधाई– यहाँले लेख्नु भएको प्रथम रचना कुन हो? सम्झना होला ?

मलाई सम्झना भएसम्म मैले लेखेको पहिलो कविता एउटा "बाल कविता" हो जो सम्भवत २०३५ मा लेखे हुँला। तर त्यो कविता मौलिक थिएन मैले पढेको एउटा मराठी कविताको ठाडो अनुवाद मात्र थियो। त्यसमा केही पंक्तिहरू यस्ता थिए– "उठ बालक, उठ बालक हेर बिहानी भैसक्यो" यो कविता मराठीमा यस्तो थियो– "उठ मूला, बघ हा अरूणोदय झाला।" प्रकाशनका हिसाबले मेरो प्रकाशित कविताहो "संघर्ष" र उक्त कविता २०३७ मा प्रकाशित भएको थियो।

सोधाई– यहाँले आफ्ना भावनाहरूलाई अभिव्यक्त कसरी गर्नु हुन्छ? त्यसको तरीका वा कुनै निश्चित समय छ कि?

भनाई– आफ्नो मनमा उठेका भावहरूलाई इमान्दारीपूर्वक अभिव्यक्त गर्ने प्रयत्न म सधैं गरिरहेको हुन्छु। साहित्य रचना गर्नको निम्ति निश्चित समयको आवश्यकता नभए पनि अनुकूल वातावरण भने मलाई चाहिन्छ अर्थात एकान्तको आवश्यकता हुन्छ साहित्य रचनाको निम्ति। जब कुनै कुरा मनमा उठ्छ त्यसवेला म लेख्न बस्छु। त्यसैले लेखनको कुनै निश्चित समय मेरा लागि ऊ भन्ने मलाई लाग्दैन।

सोधाइ– वर्तमान समयको गजल लेखनलाई यहाँले कसरी हेर्नु भएको छ?

भनाई– पहिलेको तुलनामा आज नेपाली गजलले बढी विकास गर्ने मौका पाएको छ। मनु ब्राजाकी जस्ताले यस विधामा कलम चलाइरहेकाले नेपाली गजलको भविष्य उज्वल छ भन्न सकिन्छ।

सोधाई– केही समयमा साहित्यिक चोरी बारे विभिन्न रहस्योदघाटन हुँदै छन् यसबारे यहाँको भनाई?

साहित्य चोरी गर्नु भयङ्कर अपराध हो। साहित्यिक चोर केही समय सम्म मात्र महान हुन सक्छ तर एक न एक दिन अध्यनशील एवं जिज्ञासु पाठकले त्यस्तो चोरलाई पक्रेरै छाड्छ। तसर्थ प्रतिभालाई चोर्नु भनेको निकृष्ट कार्य हो। प्रभाव पर्नु भनेको र कहिलेकाहीं संजोगले केही कुरा मिल्नु भनेको अर्कै हो। नेपाली साहित्यमा गरिएका चोरीहरू प्रकाशमा आउछन् र आउनु पनि पर्छ। हामीले अझ केही वेर कुर्नु पर्छ सम्भवत: चोरीका नयाँ–नयाँ नमूनाहरू अझै फेला पार्ने छन्।

सोधाई– प्रगतिशील कवि भएर पनि यहाँको भर्खरै निस्केको गजल संग्रहमा केही गजलहरू निराशा पीडा प्रेम र भावना प्रधान छन्, यसो कसरी हुन गयो?

भनाई– कुनै पनि दृष्टिकोण बोक्ने मानिस वा कवि सर्वप्रथम एउटा मानव हो र मानवीय स्वाभाविक गुणहरू उसमा निहीत हुन्छन्। वातावरण समय र परिस्थिति आदिले लेखकलाई जहिले पनि प्रभाव पारिरहेको हुन्छ र हृदयमा उठेका स्वाभाविक भावनाहरूलाई नढाँटेर लेखकले उतार्न सक्नु पर्छ। यही क्रममा मेरा केही रचनाहरूमा पीडा र श्रृङ्गार पनि पाइन्छ। जहाँसम्म यी भावहरू प्रगतिशील लेखकले लेख्नै हुन्न भन्ने केही छैन। कहिलेकाहीं आफैलाई अभिव्यक्त गर्नु पर्दा वा कतिपय समय आफ्नो भावनालाई आफ्नै लेखनीद्वारा वाडि दिनु पर्ने हुनाले पनि विविध भावहरू रचनामा देखा पर्न सक्छन्। फेरी गजल त यी भावहरू बिना अपूर्ण नै देखिन्छ।

फैज, मजाज, साहिर जस्ता कविहरूले पनि यस्ता विषयको प्रशस्त रचना लेख्नु भएको छ ।

भनाई– साहित्य सेवा गरे वापत कुनै पुरस्कारको अपेक्षा राख्नु भएको छ कि ?

पुरस्कार कै निम्ति भनेर म कहिल्यै लेख्दिन । फेरि मैले लेख्न थालेको भर्खर एक दशक भयो भने आजै पुरस्कारको आशा गर्नु पनि हुँदैन । मूल कुरा लेखन हो, राम्रो कुरा लेख्न सकियो भने त्यही नै पुरस्कार हो भन्ने मलाई लाग्छ ।

सोधाई– कुनै पुस्तक प्रकाशनको तयारीमा छ कि ?

भनाई–एउटा कविता संग्रह प्रकाशनको निम्ति तयारीमा छ । जसको नाम राखेको छु– 'मरु भूमिमाथि' । अर्को पनि एउटा कृति सम्पादन गर्ने मेरो विचार छ । विभिन्न लेखक माथि आरोपित आत्म परक निबन्धहरू युगान्तर साप्ताहिकमा 'दृष्टिकोण' स्तम्भ अन्तर्गत प्रकाशित भइरहेका छन् । ती निबन्धहरूलाई पछि पुस्तकका रूपमा प्रकाशित गर्ने मेरो विचार छ । हालसम्म यस शृङ्खला अन्तर्गत सर्वश्री आनन्ददेव भट्ट, पारिजात, रमेश विकल, इश्वर बल्लभ, खगेन्द्र संग्रौला, पूर्णविराम पुष्कर लोहनी र मनु ब्राजाकी संग सम्बन्धित निबन्धहरू प्रकाशित भइसकेका छन् ।

सोधाई– अन्तमा, साहित्यमा लागेर यहाँलाई ठीक गरे जस्तो लग्छ कि लाग्दैन ?

भनाई– साहित्य श्रृजनामा लागेर मैले गल्ति गरें भन्ने त कहिल्यै सोच्न सक्तिन । लेखन अब मेरा लागि आवश्यकता नै भैसकेको छ यसबाट मलाई भावनागत सन्तुष्टि मिल्छ ।

संयोजक–तारा कार्की

दायित्वलाई शुभकामना

–कविप्रसाद प्याकुरेल

"याज्ञवल्क्य"

दायित्व चम्कदै जाओस् झलमल्ल भइकन ।
मेची र काली ढाकेर फैलियोस् हरियो वन ।।
सबैमा ममता राखी सबैको स्नेह पुञ्ज भै ।
यो दीर्घायु भई बाँचोस् यही छ कामना सधैं ।।

(१)

अङ्गाली सत्य संकल्प राखी राष्ट्रिय भावना ।
नयाँ राम्रा तथा मीठा सामग्रीले भरीकन ।।
फुल्दै र फैलंदै आफ्नो गरी दायित्व रक्षण ।
लम्कंदै चम्कंदै जाओस् यही छ शुभकामना ।।

(२)

डिल्लीबजार

****

श्री ५ युवराजाधिराज दीपेन्द्र वीर विक्रम शाहदेव सरकारको १९ औं शुभ–जन्मोत्सवको सुखद उपलक्ष्यमा मौसूफ सरकारको दीर्घायु, सुस्वास्थ्य एवं समृद्धिको लागि मङ्गलमय शुभकामना प्रकट गर्दछौं ।

–पाल्पा जिल्ला पञ्चायत

परिवार

****

नामा आकण्ठ डुबेर सुयोगले अप्रत्यासित रूपमा बरीको चुम्बन लियो ।

–बस्,यहीँदेखि उपन्यासमा नाटकीय उत्सुकताले चरमसीमा नाँघ्न आँटेको हुन्छ । अब के होला भन्ने भयले प्रत्येक अघिल्लो हरफ पढ्न पाठकको मुटु कामिरहेको हुन्छ । उपन्यासको एकै पानाभरि विरामी रहेर एकपटक पनि पाठकको सामु नझुल्किइ बरी मर्छे । साँच्चै ! बरी शिरीषको फूल झैं मरी, भ्रमरको एकै अप्रत्यासित चुम्बनमा । किनकि सुनगाभा र शिरीषको फूल उसको जीवनको आदर्श र यथार्थ थियो । यथार्थमा बरी भ्रमरको चुम्बनले मरी, आत्म-हत्या गरिन । सुनगाभाको जस्तै मृत्यु रोजेर बरी आफ्नो निम्ति आदर्श मृत्यु मरी । किनकि विसंगति-पूर्ण जीवनको उसले कुनै मोह राखिन । किनकि आंशिकभन्दा बढी ऊ सन्तुष्ट थिइ स्वीकारिएको मृत्युमा । 'इन्सेक्ट किलर' लाई नै आफ्नो जीवनको आदर्श मान्ने बरीले मृत्यु पनि त्यसैको अनुरूप अङ्गाली र यस अर्थमा बरी स्वाभिमानी मृत्यु मरी । तर शंका लाग्छ बरी मरेकोमा, अझ उसको स्वाभि-मानी मृत्युमा । किनकि दाजुप्रति नै त्यो विधि आशक्ति पाल्ने बरीले भ्रमरको एकै चुम्बन पनि सहन नसक्नु, के यो स्थिति पत्यारिलो हुनसक्छ त ?

–अनि डा. ईश्वर बरालको दृष्टिले देखेर भने अनुसार दाजु बहिनी बीचको पवित्र साइनोलाई अनुचित सम्बन्धले बिटुल्याउने शिव, बरी मरेपछि यसो भन्छ – "मैले लख काटे ऊ बाँच्न खोज्दी रहिछ । तर जीवनलाई हेला गरेर, जीउनुकि विश्वास-लाई लत्याएर ।"

–उपन्यासका सम्पूर्ण पात्रहरूलाई यसरी पाठक को मन र मस्तिष्कको रङ्गमञ्चमा सफलतापूर्वक अभिनय गराउन सक्नु लेखिका पारिजातको सफलता हो । कथ्यशैली निजात्मक अर्थात 'म' भइदिनाले पनि पाठकहरू पात्रको नजीक त्यसै–त्यसै पुग्छन् । बर्णनमा मञ्चकता छ, भाषा र शैलीमा झरनाको जस्तो बहाव छ, प्रत्येक हरफको आफ्नै महत्व छ । उपन्यास पढ्नेजेल यसले उपन्यास र काव्य दुवैको आनन्द दिन्छ । त्यसैले होला शंकर लामिछाने शिरी-षको फूललाई उपन्यास होइन काव्यान्यास भन्न रुचाउछन् । मलाई लाग्छ पारिजातको कृतिको यो भन्दा बढी प्रशंसा हुनै सक्तैन र यो प्रशंसाको चरम-सीमा हो । सकमबरीले युवा पारिजातको प्रतिनिधित्व गरे झैं पाठकहरूलाई लागे पनि मानव विरोधीतत्व भएकी सकमबरीको तुलनात्मक चरित्र चित्रण गर्न शिरीषको फूल सफल छ । यो पनि लेखिका पारिजात को लेखन कलाको विशिष्टता हो भन्दा अतिशयोक्ति नहोला । किनकि एकमुठी श्वास रहुञ्जेलसम्म मात्रै होइन, पारिजातको कृति रहुञ्जेलसम्म । "वर्तमान तं पारिजातको हो ।"

–समग्र कृतिलाई हेर्दा विरोध गरेर वर्तमान समयमा– "मनुष्यप्रति परिहासमय वातावरणबाट छाइरहेको नैराश्य अथवा अस्तित्वबोधलाई सकमबरी-को निसंगताद्वारा शिरीषकोफूलले ओल्याउँछ ।"– मनोविश्लेषणसंगै दार्शनिकताको प्रशस्त हाँगाबिंगा भएको शिरीषको फूलमा बर्माको गाउँको चित्रण पनि कम सशक्त छैन । केही वर्ष आफूले पनि बर्मामा बिताएको नाताले पनि मलाई पूर्ण विश्वास छ पारि-जातले सुयोगबीरको सम्झनामा ल्याएर भए पनि

वर्माको नपी, अद्दय र कच्चिन बस्ती र जनजीवनको वास्तविक झलक देखाउन गरेको प्रयत्नमा उनी सफल छिन् । तर वर्तमान समयकी प्रगतिवादी लेखिका पारिजातले शिरीषको फूललाई पनि प्रगतिशील उपन्यास भनिन् भने यो भन्दा हास्यास्पद अरो कुरो के होला र ?

–"सकमवरी बौद्धिक सजगतामा वर्तमान जीवनलाई केलाएर त्यसको मूल्य र अतृप्तिप्रतिको विरोधलाई निस्सारतामा बोकेर शून्य भइदिन्छे ।"– सकमवरी विशौं शताब्दिकी विसंगतिपूर्ण नारी, यस-भित्रको विरोधसंगै एउटा अहं र स्वाभिमान बोक्छे । उसलाई विद्यार्थीको पढ्ने तालिका जस्तो खल्लो जीवनको रतिभर पनि मोह छैन । सकमवरी रूढि-वादी परम्परा, खोक्रो आदर्श र मान्यता, आस्था, भावना जस्ता शब्दहरूदेखि तीन हात पर बाँच्न चाहने, जीवनलाई पनि हेला गरेर बाँच्न खोज्ने हात्तीको खाने र देखाउने दाँत ।

–सुयोगवीर– नाम र उसको जिन्दगी नै एउटा सिङ्गो व्यंग्य । अन्त्यमा ऊ आफ्नो आत्मस्वीकृति यसरी ओकल्छ -- "वरीको अस्तित्व छैन र सम्झन्छु, यहाँ प्रेमको अस्तित्व छैन । एउटा निस्सार संसारभित्र बाँचिरहेछु र सधैं स्वीकार गर्छु म एउटा महाशून्य-भित्र बाँचिरहेछु ।"– यसरी प्रशंसा गरेर साध्यै नहुने राम्रो उपन्यास हुन्छ भन्ने कुरा मलाई शिरीषको फूल पढ्नु अघि थाहा थिएन । किनकि शिरीषको फूल पढेर पाठकहरूले हृदयदेखि नै महसुस गर्न सक्छन् यो पारिजातको वैयक्तिक पागलपनको बड-बडाहट, अस्तित्ववादी गन्थन, अनुपलब्ध यौनसुखको अश्लिल र जुगुप्साबोध गराउने अभिव्यक्ति मात्र होइन । पारिजातको यो उपन्यास शिरीषको फूलले नेपाली वाङ्मयमा साँच्चिकै शिरीषको फूल झैं साहित्यिक फूल बनी फुलेर आफ्नो मात्र नभएर नेपाली साहित्यकै शोभा बढाएको छ । यदि त्यस्तो नहुँदो त शिरीषको फूलले चौथो संस्करणसम्म निस्किने सौभाग्य पाउने थिएन । यदि शिरीषको फूल साहित्यिक कसीमा खरो नउत्रिदो हो त २०२२ सालको मदन पुरस्कार शिरीषको फूलको झोलीमा त्यसै त्यसै खस्ने थिएन ।

–शिरीषको फूल--पारिजातको कृतिको जति प्रशंसा गरे पनि थोरै हुन्छ । पारिजातका कृतिहरू स्तरीय भएकोले नै ती प्रशंसनीय छन् । त्यसैले नेपाली वाङ्मयमा 'पारिजात' नाम नै लेखिकाहरूको लागि 'माइल स्टोन' भएको छ । नेपाली वाङ्मयमा पारि-जात स्तरका लेखिका न त हिजो थिए, न त आज नै कोही छन् र न त आउने दुई चार दशक यता कोही हुने सम्भावना नै देखिन्छ । चमत्कारपूर्ण लेखनशैलीकी लेखिका पारिजात । त्यसैले शिरीषको फूल नेपाली वाङ्मयमा रहुञ्जेल 'वर्तमान त पारिजातको हो ।'

तरहरा (सुन्सरी)

हाल:– काठमाडौं

**

सन्दर्भ सामग्रीहरू

१) आख्यानको उद्भव– डा. ईश्वर बराल

२) मेची प्रवाह– वर्ष २ अङ्क ४

३) विश्वदीप– वर्ष ४ पूर्णाङ्क १२

४) युगधारा– वर्ष २ अङ्क ८

तामिल कथा

अनभिज्ञता

—नीला पद्मनाभन

म अफिसबाट फर्किरहेको थिएँ । मलाई देखेर कृष्णस्वामीले बाटोमा रोकिएर हात मिलाए अनि साधारण कुराकानी भयो । कृष्णस्वामी म बस्ने घर नजिकैको घरमा बस्दथे ।

उहाँले भन्नुभयो– सर ! कृपया यो पढ्नुस । यो बीनाको स्कूलबाट आएको चिठ्ठी हो ।

मैले चिठ्ठी पढें । बीना सबै विषयमा फेल भएकी रहिछन् । तिनलाई फाइनल जाँचमा उपस्थित हुन मनाही गरिएको रहेछ । मैले यो सबै कुराको जानकारी उहाँलाई दिएँ । त्यसपछि उहाँले भन्नुभयो– सर ! मैले तपाईलाई दुःख दिएको नठान्नु होला । यदि तपाईले उनलाई हप्ताको दुई तीन दिन मात्र पढाई दिनु भएमा म कृतज्ञ हुने थिएँ । तपाईंको फुर्सत भएको बेलामा म उनलाई तपाईको कोठामा पठाई दिन्छु । मैले तपाईलाई दैनिक पढाउन भन्दिन । तपाईले मेरो लागि यति गर्न सक्नु हुन्न ?

मैले मनमनै सोचें– "उनलाई मद्दत गर्नु पर्छ तर ट्यूसनको रूपमा हैन । मैले मासिक तलबको आशा राखिदिन । यस्को मतलब मलाई पढाउन मन नभएको हैन । मैले उनलाई पढाउनु पर्छ । उहाँले के गर्नु हुन्छ ! चालीस वर्ष नाघिसक्नुभयो । उहाँकी फेसनेबल श्रीमती र चारवटी छोरीहरू छन् । जेठी छोरी बीना कन्भेन्ट स्कूलमा पढ्छिन् ।"

मैले उहाँलाई चिठ्ठी फर्काइदिएँ र भने–ठीक छ उनलाई म कहाँ पठाइदिनुस ।

अर्को दिन म अफिसबाट फर्कंदै थिएँ एउटा सुरिलो आवाज सुनें– गुड इभनिङ्ग सर । मैले फर्केर हेर्दा बीनालाई देखें ।

तिनी बाह्र वर्ष भन्दा कम उमेरकी थिइन तैंपनि उनको शरीरले गर्दा उनी तेह्र चौध वर्षकी जस्ती देखिन्थिन । तिनी नीलो ब्लाउज र स्कर्टमा थिइन । तिनका नीला आँखाहरूले केटाकेटी नै झल्काउथ्यो । तिनका गालाहरू राता थिए । मलाई लाग्यो तिनी एउटी असल केटी होलीन ।

तिनले मलाई भनिन–सर ! पाठ शुरू गर्ने हैन त ? मैले भने– हो । मैले उनलाई पढाउन लागें ।

तिनी सात कक्षामा पढ्थिन । तिनले पढाएको कुरा बुझ्न सक्थिन् तर नपढाएका विषयहरू हेरेर हेलचेक्राई गर्थिन् ।

शुरू शुरूमा तीन हप्तामा दुई तीन पल्ट आउथिन् । तर पछि तिनी हप्ताको सातै दिन आउन थालिन् । यसरी मैले अखबार हेर्न, इन्जिनियरिङ्ग रिसर्च गर्न र हप्तामा आराम गर्न पनि पाइन ।

उनका चकचके औंलाहरूले मेरो कोठाको हरेक चिज चलाउथे । मलाई मेरा सामानहरू सुरक्षा गर्न गाह्रो पऱ्यो । उनका बाबु आमाले विना पैसा म कहाँ पढ्न पठाउथे । पछि पनि तिनी म कहाँ बढी आउन थालिन् ।

यदि मैले उनलाई कडा स्वरले बोले भने मुख फुलाएर रिसाउथिन् अनि आँसु बर्षाउन थाल्थिन् । यसरी मैले उनलाई केही गर्न मन पराउन्नथें । किनभने मानिसहरूले मलाई निर्दयताका साथ दण्ड दिएको भन्ठान्थे ।

तर उनको बुबा कृष्णस्वामी बारम्बार भन्नु हुन्थ्यो–यदि यिनले पढाइमा हेलचक्याई गरिन भने दया नगर्नुस । बेसरी पिटी दिनुस । मैले भन्थे–केटाकेटीहरूलाई यसो गर्नु ठीक हुँदैन ।

बीनाको भोलिपल्ट हिसाबको जाँच थियो । त्यसैले मैले उनलाई राम्ररी हिसाब सिकाएँ । गल्ती गर्दा गाली पनि गरे ।

तिनले कपालमा लगाएको फूल र अनुहारमा लगाएको पाउडरको वासना राम्रो थियो । उनका आँखाहरू निर्दोष थिए ।

एकछिनपछि तिनले मेरो हातबाट कापी खोसीन र टेबुलमा फ्याकिन अनि मेरो छेउमै आएर हात समाउदै आँखामा हेरेर भनीन, "सर ! तपाईंले मसंग विहे गर्नु हुन्छ ? मैले तपाईंलाई धेरै माया गर्छु ।

मैले के गर्ने मलाई थाहा भएन । मेरो आत्मविश्वास कहाँ गयो ? म उठेर भने तिमी घर जान सक्छ्यौ । तिनीलाई बाहिर निकालेर मैले ढोका लगाएर बसें ।

मैले तिनीको रुवाई सुनिरहें । तिनी घर गइनन् । उनको रुवाइले मेरो हृदय पगाल्यो । तिनीका बाबु आमा अथवा गाउँलेहरूले देखे भने नराम्रो मान्लान भन्ने ठाने ।

विचरी केटी ! के तिनीलाई प्रश्नको अर्थ थाहा थियो ? किन तिनीले यस्तो व्यवहार गरीन ? जे भएपनि मैले तिनीलाई माफ गर्नुपर्छ ।

मैले ढोका खोलेर बाहिर आएँ । तिनी रोइरहेकी र लाज मानिरहेकी थिइन । मैले विस्तारै तिनीको छेउमा गएर भनें–के भयो बीना ! किन रोएकी ? जाऊ हातमुख धोऊ । अब पढाई शुरू गरौं, कसैले देखे भने नराम्रो सोच्छन् ।

विस्तारै तिनीले टाउको उठाएर मतिर हेरीन । तिनीका आँखा राता र गाला आँसुले भिजेका थिए । तिनी म भन्दा झण्डै पन्ध्र बर्ष कान्छी होलीन । मैले उनका हातहरू समाएर मुख धुनलाई बेसीनमा लगें र आफैले उनको मुख धोइदिएँ ।

यसरी रुनु हुँदैन बीना ! तिम्रा साना बहिनीहरूले देखे भने हाँस्लान् । तिम्रा आमाबाबुले देखे भने मैले बेसरी कुटें भन्ठान्लान । मैले तौलियाले उनको अनुहार पुछिदिएँ र राम्ररी कपाल कोरीदिए ।

विद्यार्थीहरूले पढ्दा र गल्ती नगर्दा शिक्षकहरू त्यसै खुशी हुन्छन् । अब बीना पनि त्यस्तै भएकी थिइन ।

साढे सात बजेको थियो । होटेलमा खाना खान जान ढिला भैरहेको थियो । बीना पनि किताबहरू बटुलेर घर जान लागेकी थिइन । तिनी ढोकासम्म पुगेर फर्केर आइन ।

तिनले मेरो अगाडि उभिएर भनीन– "सर ! मैले तपाईलाई के भने मलाई माफ गरी दिनोस् । तपाई एउटा ठूलो इन्जिनियर हुनुहुन्छ । म तपाईलाई सुहाउदिन । मैले त्यो थाहा पाइसके ।

तिनले एउटा उमेर पुगेकी स्वास्नीमानिस अथवा फिल्मको हिरोइनले जस्तै बोलेकी थिइन ।

मैले भनें–बीना ! यता आउ । म तिमीसंग एउटा प्रश्न सोध्न चाहन्छु । तिनी हिच्किचाएर मेरो नजीक आइन । मैले उनीको हात समाएर म नजीकै राखें । अनि हाँसेर सोधें– तिमीलाई कस्ले यस्तो प्रेम र विवाहको कुरा गऱ्यो ? बीना ! किन मेरो प्रश्नको जवाफ नदिएकी ? म तिमीसंग रिसाएको छैन । रिसाएको भए मैले पढाई राख्थे ? यदि तिमीले यस्को जवाफ दियौ भने भोली साँझ म अफिसबाट फर्कंदा तिमीलाई एक प्याकेट बिस्कुट ल्याइदिन्छु । तिनीलें सोधिन्–सानो प्याकेट कि ठूलो प्याकेट ? मैले भनें–ठूलो प्याकेट । तिनीले भनिन्– सर ! तपाईलाई केही थाहा छैन साच्चै मूर्ख हुनुहुन्छ । यस्ता कुराहरू पनि सिकाउनु पर्छ ? के तपाईले मलाई बच्चा सोच्नु भएको छ ? मैले भनें– थाहा छ, तिमी बच्ची होइनौ । त्यसैले अहिले बिहे गर्ने कुरा पनि गर्नु हुन्न । अहिले राम्ररी पढ्नुपर्छ र ठूली भएपछि बिहे गर्नु पर्छ ।

सर ! तपाईले के थाहा पाउनु भयो ? मेरा क्लासका साथीहरूले भविष्यका पतिको बारेमा कुरा गर्छन् । मेरी साथी आशाले भन्थिन– उनको हुनेवाला पति डक्टर हुन लागिरहेको छ । यस्तै कसैको इन्जिनियर त कसैको जिल्ला अधिकारी । मैले पनि भनें– म पनि इन्जिनियरसंग बिहा गर्न लागिरहेकी छु ।

मेरो सल्लाह नै नलिइकन म तिम्रो पति हुन्छु भन्ने कसरी निर्णय गऱ्यौ ? सर ! तपाईले मलाई मन पराउनु हुन्न ? म राम्री छैन ? बीना ! तिमी राम्री छौ । तर सर ! हामीहरू तपाईलाई धेरै दाइजो दिन सक्दैनौं ।

म छक्क परें– अहा ! कसरी यिनी कुरा गर्छीन ! कसरी यस्ता विचारहरू यिनका मनमा आउछन् ? अनि भनें– होइन, किन तिमी अहिले बिहेको विचार गर्छौ ? ठूलो भएपछि पो यस्ता कुराहरू सोध्नुपर्छ ।

म ठूली हुन्जेल तपाईले अरूसँग नै बिहे गर्नु होला । त्यसैले म आफैले सोधे । मैले भनें– तिमी ठूली भएपछि म बूढो हुन्छु । एउटा केटीले बूढोसंग बिहे गर्छ ?

यो झूटो हो । तपाईले मलाई ठगिरहनु भएको छ । हाम्रो स्कूलमा जब घण्टी लाग्छ, तपाई जत्तिकै एउटा अंग्लो मानिस मोटरमा आउँछ र हाम्री राधान मोति शिक्षिकालाई लिएर जान्छ । तिनीहरू छिटै बिहे गर्न लागिरहेका छन् । तिनीहरू कति रमाइलोसंग हाँसेर कुरा गर्छन र मोटरमा जान्छन् । सर ! तपाई

विहेमा एउटा मोटर किन्नु हुन्न ?

मैले थाहा पाएँ– कसरी यस्ता नराम्रा कुराहरू उनको मनमा आए ! अनि भनें– तिमीले यी सबै कुराहरू तिम्रो स्कूलबाट सिक्यौ हैन त ? त्यसपछि तिनले चोरले झैं यताउति हेरीन र मेरो नजीकै आएर कानमा भनीन–" सर ! यी कुराहरू कसैलाई नभन्नुस है ! मैले भने–म कसैलाई पनि भन्दिन । तिनले आफ्नो हात अगाडि सारीन अनि मैले उन्को हात समातेर प्रतिज्ञा गरें– म कसैलाई पनि भन्ने छैन । तिनले फेरि यताउति हेरेर मलाई भनिन–राती दश बजे हामी सबै निदाइसकेका हुन्छौ अनि मेरो बुबा र आमा उठ्नु हुन्छ..... र .. ... सर ..... अनि म भन्दिन ।

अनु–लक्ष्मीपन्त

**

****

श्री ५ युवराजाधिराज दीपेन्द्र वीर विक्रम शाहदेव सरकारको १९ औं शुभ–जन्मोत्सवको सुखद उपलक्ष्यमा मौसूफ सरकारको दीर्घायु, सुस्वास्थ्य एवं समृद्धिको लागि मङ्गलमय शुभकामना प्रकट गर्दछौं ।

शाही औषधी लि०

****

मेरी अस्मिता

–वीरेन्द्र राई

कल्पना
निर्निमेष नजुधाउ नयन
परेलीबाट मोती बर्सिन्छ
यो असमञ्जसमा परेको आत्मा
तिम्रो आलिङ्गनको स्मरण हुँदा तर्सिन्छ ।

* * *

बेहोस – बेहोस लम्रसार हुने सडकहरू
देख्छु सधैं अचल अजर
मायालु ! प्यासी बनाएर गयौ
दुईथोपा मोती, (आँसु) बर्षाएर
भएनौ तिमी किन अमर !

खोटाङ्ग

मुक्तक

–पिंकी राणा

किन रुने अब यहाँ
आँसुका तप्का छैनन्
ज्यूँने व्यर्थ किन
हाँसोका खित्का छैनन्
बाँच्ने इच्छा मात्र
सहारा कोही छैन
माया लाउने रहर थियो
मधूर दिल दिने कोही छैन ।

धरान

कथा

नयनवती

—डा० मथुरा के० सी०

खरदार बाजे टङ्कप्रसाद काफ्लेले भैरहवा काम गरेको पनि वर्षौं भइसक्यो। अहिले करिब ४७ वर्षको उमेर छ होला उन्को। मुखियाको पदमा हुँदा, साढे तीन वर्ष स्याँङजा मालमा बिताएका यादहरू पनि ताजै छन् उन्का आँखामा। त्यति बेला कति रमाइलो थियो जीवन। मुखिया, जिम्माल अनि गाउँका भलाचीहरूद्वारा, घिउ, कुराउनी, केरा र खसीका फीलाहरू पाहुर आउने गर्दथे। त्यहीं स्याँङजा मा बस्दा बस्दै बर्सौं टे तीन छोरीहरू भएका थिए काफ्ले बाजेका। जेठी छोरी डेरी थिइन, नयनवती नाम थियो। माइली राम्री र कान्छी लंगडी थिइन जमुना र सुन्तली तिनीहरूका नाम थिए।

काफ्ले बाजे, स्याँङजाबाट खरिदारको रूपमा पदोन्नति भई भैरहवा मालमा सरुवा भएका थिए। भैरहवा मालमा ५ वर्ष बस्ने बित्तिकै काफ्ले बाजेको आर्थिक एवं सामाजिक ख्याति बढ्दै गयो। उनी तल्लो हुँगीका निवासी थिए र दुई तले दुई पाखे घरमा टिनको छानो हाल्न सफल भएका थिए भने भैरहवा नजिकैको बडकी सिमरी भन्ने ठाउँमा ४।। बिघाको अवल खेत पनि जोडी सकेका थिए। चहाड बहाडमा एकसरो लुगा लत्ता किन्न अनि दशैंमा दुईटा मधिसे खसी ढलाई इष्ट मित्र खुवाउने समस्या थिएन उन्लाई। तर पनि खरदार बाजेको मनमा भित्र भित्र ठूलो ग्लानी थियो। छोरो नभएकोले कति भाकल, रुद्रि सत्य नारायण पूजा ग्रह निवारण कार्य र ब्राह्मण भोजन जस्ता धर्म कार्यहरू प्रशस्त गरेका थिए। खरदार बाजेले खरदारनी बज्यैलाई लिएर तीन पटक मनोकामनाको चोटीमा पुगी पुत्र वरदानको प्रार्थना गर्न पनि पछि हटेका थिएनन्। तर छोरो खेलाउने मौका ईश्वरबाट उन्लाई प्राप्त भएन। त्यसैले, स्वर्गको बाटोनै छेकिन्छ कि भन्ने संत्रासले उन्लाइ संधै सताउँथ्यो।

छोरो नभएको पीर त छंदै थियो साउने बाँसको तामा झैं तिनै छोरीहरू हल हली बढेर अर्को पीर थपीरहेका थिए। जेठी छोरी नयनवतीको उमेर १६ वर्ष पुगी सकेको थियो। अब उनी कन्यादान दिने

सपना देखिरहेका थिए । तर नयनवती एक आँखाकी डेरी भएकीले कोही माग्न आएको थिएन । बरु अक्कल झुक्कलमा विवाहको प्रस्ताव आई हाल्यो भने पनि सबैले माइली छोरीकै कुरो लिएर आउँथे । पुत्र ग्लानीले अन्धा सुकी सकेका खरदार बाजेलाई अब कन्याको पीरले निकै सताउन थाल्यो । उनी रातमा आनन्दको नीद सुत्न पाउँदैनथे । विहान कुखुराको भालेले बाँसु अघि नै उन्को नीद खुल्थ्यो । अनि तम्बाखुको नली मुखमा जोडेर चिन्ता र पीरको समुद्रमा आफ्नो यात्रा शुरू गर्थे । यस्तैमा एकदिन खरदारनी बज्यैले खरदार बाजेलाई एउटा उपाय बताइन– "ए हजुर, नयनवती डेरीछे खोइ आजसम्म कोही माग्न पनि आएनन्, छोरी बूढी हुन के वेर फेरि बूढी कन्यानै बस्न बाध्य भई भने त कति ठूलो पाप लाग्छ हामीलाई । बरु अलि टाढैको ठिटो खोजी जमुनालाई देखाई, नयनवतीलाई अन्वाएर पठाई दिउँन । कमसेकम पापबाट त बचिन्छ यदि थाहा पाइहाले भने पनि शुरूमा अलि अलि झं झगडा होला, केही जग्गा सग्गा लेखी दिए त ज्वाइंसापलाई खुशी पारी चित्त बुझाउन सकी हालिन्छ नि !"

मालमा काम गर्दा गर्दा पोख्त, खरदार बाजेलाई ओठ चल्यो कुरा बुझ्यो भइ हाल्यो । बेनी ठूलदिदी कहाँ तिहारमा टिका लगाउन जाँदा उनकै घर छेउमा खरदार बाजेले एउटा लक्का जवानलाई भेटेका थिए । १९ वर्षको उमेरको एस. एल. सी. पास गरेको त्यो केटो प्राथमिक स्कूलमा शिक्षक थियो । भने जस्तै खरदार बाजेले माइली छोरी जमुनालाई देखाई रातको अध्यारोमा, डेरी छोरी नयनवतीलाई अन्वाएर बेनी बजार तर्फ विदाई गरि दिए ।

अब हुँगी गाउँका घरघरमा त्यही विवाहको चर्चा चल्न थाल्यो, डेरी छोरीको विवाह भयो भनेर । खरदार बाजे र खरदारनी बज्यैलाई पनि कन्यादान दिन पाएकोमा केही सन्तोष त अवश्यै लाग्यो तर अब बेनी पुगी सकेपछि के हुने हो ? भन्ने डर प्रशस्त थियो ।

दुलही भित्याएको पहिलो रात नै, मास्टर यज्ञ प्रसाद भट्टराईले माइली छोरी देखाई जेठी डेरी छोरी जिम्मा लगाएको कुरा थाहा पाएर "तिम्रा बाबु आमा फटाहा हुन जाली हुन मैले यो विवाह स्वीकार गर्दिन । मेरो आँखा फुटेको छ र मलाई यसरी छक्काउने ?" भन्दै उफ्रेछन ।

डेरी नयनवतीलाई पर्नु चोट पऱ्यो र रातभरी आँसु झारी बिताइन । यो संसारमा यसरी अपहेलित भएर बाँच्नु भन्दा त मर्नुनै बेश संझीत्यहीं रातमै घरबाट निस्की काली नदीतिर बढिन । बाटोमा विभिन्न विचारहरू खेले नयनवतीका मन भित्र । मन कहिले भन्थ्यो "हरेस नखा नयनवती तँ बाँचे पनि तेरा बाबु आमासंग जीवनभर पाल्ने सम्पत्ति छँदैछ ।" कहिले मन भन्थ्यो– "तेरो हुनु सम्म बेइजत भइसक्यो यत्रो बेइजती सहेर बाँच्नु भन्दा त नयनवती तेरो जीवन सदाको लागि यही कृष्ण गण्डकीमा होमी दे ।" कहिले मन भन्थ्यो– "टाढाको जिल्लामा गई नोकर्नी भएर पेट पाल या जोगी बनेर अलक ! राम ! राम ! भनि जीवन बिता ।" यसरी मनमा उठ्जिएका यस्ता अन्तर्द्वन्दहरूका बीच उ आखिर कृष्ण गण्डकी मै गई होमिने निर्णय लिई । काली गण्डकीमा पुग्दा मिमिरे उज्यालो हुनै लागेको थियो । हाम

फाल्न मात्र के लागेकी थिई, बिहान सबेरै गण्डकी नुहाउन आएकी बेनीकी फुपूका छोरा नारायण पण्डितले नयनवतीको हात समाती, आत्महत्या गर्नबाट रोकी आफ्नो घरतिर लगे। फर्किदा बाटोमा मेलापात गर्ने आइमाईहरूको गीत गुंजिरहेको थियो–

"घर छोडेर हिंडेको बेलैमा, रुन्छिन् आमा ठूली हो...सम्झेर मेलैमा। नरोउ आमा आउछु फर्केर"। उपरोक्त सबै वृतान्त सुनेपछि काफ्ले बाजे र बज्यैलाई ठूलो पश्चाताप लाग्यो। त्यसकारण बाँकी दुई छोरी जमुना र सुन्तलीको कम उमेरमै विवाह सम्बन्ध गासी दिनुको सट्टा तानसेनको जनता माध्यमिक विद्यालय (हाई स्कूल) मा भर्ति गरि दिए।

खरदार बाजेले एक दिन तम्बाखु तानीरहेको बेला खरदारनी बज्यै संग भन्दै थिए– "हेर बूढी! अब दुवै छोरीहरू पढिरहेका छन् र कमसेकम स्नातक स्तरसम्म शिक्षा हासिल गरे भने, आत्म निर्भर हुन सक्नेछन् र आफू सुहाउँदो जीवन साथी खोज्न पनि उनीहरूलाई गाह्रो पर्ने छैन।"

बिचरी! नयनवती भने विवश जिन्दगी बोकेर उराठिला दिनहरू कसरी गनोस! उसका साथी संगातीहरू भेट्न आउ छन् जान्छन् तर उ कसैसंग खुशी मनले बोल्दिन मात्र तिनै अप्राहिज दिनहरू गुजारेकीछे।

जीवनः बहु आयाम

–श्रीमती लक्ष्मी ढकाल

जीनन– केही जीवन जस्तो पनि लाग्छ
जीवन– केही अजीवन जस्तो पनि लाग्छ
विभाजित भैरहेछ जीवन
केही आस्थामा, केही अनास्थामा
टुक्रिरहेछ जीवन– केही विश्वासमा
केही अविश्वासमा।

उडानहरू जहाँ कहीं पनि भर्न सकिदो रहेछ
सपनाहरू जस्तो सुकै विछ्यौनामा सुतेपनी
एकतमासले देख्न सकिदो रहेछ
यिनै उडानहरूको आशामा
र सपनाहरूको भरोसामा
जीवन पिल्पिलाई रहेछ

जीवनः केही पिलपिल जस्तो छ
जीवनः केही झिल्मिल जस्तो पनि छ
यसैले त जीवन बाँडिइरहेछ
केही प्रश्न चिन्हहरूमा
केही अस्तित्वका युद्धहरूमा।

कुनै पनि समय
मनका सिंहहरू जाग्न सक्छन्, सफलतामा
र कुनै बेर नै नलगाई
ती मुसा हुन पुग्छन्– असफलतामा।
जीवनः सिंह भएर पनि बाँच्दोरहेछ
जीवनः मुसा भएर पनि झर्दोरहेछ
जीवन– पहरामा फहराएको
जातीय गौरवको झण्डा जस्तो पनि छ
जीव–
एउटा बूढोले आशा गरेर टेकेको
तर कामै नलाग्ने मक्किएको डण्डा जस्तो पनि छ
कहीं जीन्दगी सरसछ कहीं निरस
यसरी नै दुई विपरीत पाटाहरूमा
बगिरहेको जीवन
कहीं मायामा, कहीं घृणामा
र ढुक्ढुकिई रहेछ जीवन
केही माटोमा केही मुटुमा।

अर्गली, पाल्पा

मेरी प्रेयशी–आज पनि विद्रोहको पोष्टर टाँस्दैछे

–कृष्ण बाउसे

मृत्यु हाँस्नु पर्नेमा
दुर्गन्ध छरेर भएपनि बाँच्न त ऊ बाँच्दै छे ।
अरूले जे सुकै भनुन् !
आदर्शका काँचा मूर्तिका, आँखाहरूलाई छक्याउँदै
ढाडे बिराला जस्ता डरलाग्दा,
रातहरूसंग अङ्गालो मारेर पनि
हाँस्न त ऊ हाँस्दैछे ।
कुलो भएर पनि
पानी बिना खेत चरचरी फुट्नु परेपछि
तिर्खा मेट्न पहिरोसंगै खोलातिर,
हामफाल्नु पर्ने ठाउँमा
मकैबारी बनेर भए पनि
उसले आफ्नो उर्वरताको त सदुपयोग गरेकै छे ।
आशाको पासोमा झुण्डयाउनेहरू कति हुन्छन् कति !
तर उसले पासाहरू खुकुल्याउन जानेकी छे ।
चरित्रका च्याउ–गफहरू च्यातेर धुजा–धुजा
नैतिकताको कपटलाई त्यान्द्रो बनाएर,
मक्किएफो कपडाको
खुल्लम–खुल्ला उसले
पेटिकोटको इजार बनाइदिएकी छे ।
के फूर्ति लाउनु जुंगा फुलेका बूढाहरूले ऊसंग ?
के धुकि लाउनु हिम्मत तुहेका तन्नेरीहरूले ऊसंग ?
आंखाको एक इशारामा उसले
कति बलिष्ठहरूलाई पल्टाइ दिएकी छे;
नडुब्ने खाडलमा डुबाइदिएकी छे ।
बेइमानीको चम्किलो रंगले ओठहरू रङ्गाएर
बहादुर बनेकाहरूको माझमा
रगत पिउन नसके पनि
व्यभिचार तन्काएर डबकाको जाँडसंग तनतनी
ऊ आफ्नो युद्ध–भूमिसम्म त सधैं पुगेकै छे ।
रात अँधेरो रहस्य बनेर नबिझेकी कहिले पो छ र ?
दिनले भुङ्ग्राको फिलिङ्गो भएर नपोलेको कहिले छ र ?
उज्यालोलाई पछ्याउन सक्नुपर्छ–
जमानाका दिव्य चक्षु खोलेर बाँच्नेले;
अँधेरी रातलाई हल्केलाले छोपेर,
हाउगुजी लखेट्न सक्नुपर्छ–
छातीमा हिम्मतहरू सोच्नेले
नत्र, के लाग्छ ! तत्काललाई परिस्थितिसंग,
अङ्कमाल गरेर हाँस्न सक्नुपर्छ ।
आँसु पिएर मुस्कान साँच्न सक्नुपर्छ ।
हेर ! हेर ! अहिले रातीको राज छ सडकमा
तर ऊ पोटिलो तनमा झिसमिसे हाँस्दैछे ।
शत्रुहरूको माझमा
मखुण्डो भिरेरै भए पनि बाँच्नु तारीफको कुरो हो–
सडकको छेउको खाँबोमा छलिएर बिजुलीको चीमसंग
विषम परिस्थितिले जेलिएकी मेरी प्रेयशी वर्तमान
आज पनि भित्ता भित्तामा विद्रोहको पोष्टर टाँस्दैछे ।

एक मुस्कान.....

भनिन्छ– घरलाई स्वर्ग बनाउन पति पत्नी दुवैको सहयोग आवश्यक पर्छ तर घरलाई नर्क बनाउन एकैको सहयोग पर्याप्त हुन्छ ।

बुझी नसक्नु छ !

✶ 'फोनिक्स' इजिप्टको एउटा नितान्त सुन्दर र तेजिलो पौराणिक चरा हो जो एउटा समयमा केवल एउटै मात्र जीवित रहन्छ। निश्चित उमेरमा फोनिक्स सन्सारको कुनै पनि कुनाबाट आफ्नो गुँडमा फर्किन्छ। गुँडमा स्थीर रूपमा बसेपछि यसका पखेटाबाट निस्कने प्रचण्ड रापले जलेर यो स्वयं खरानी हुन्छ र त्यसबाट यौटा नयाँ अझ सुन्दर फोनिक्स पखेटा फरफराउँदै उड्छ।

✶ चीनका दुई पुरुषहरू– २६ वर्षीय भू. पू. सैनिक ये जिंग (दुलही) र ३० वर्षीय किसान ली लिन्जिङ्ग (दुलही) को बीचमा विवाह भएको छ।

✶ केन्याका चिकित्सकहरूले एक २८ वर्षीय पुरुषलाई यौन परिवर्तन गराएर महिला बनाएपछि उनको नाम "सुश्री फेथ वेइनी कियुका" राखिएको छ।

✶ आफ्नै जिल्लासंग सम्वन्धित ९९ वटा विधेयक एकै दिनमा दर्ता गरी विश्व रेकर्ड कायम गर्ने फिलिपिन्सका ग्रिगोरिया एन्डोलाना हुन्।

✶ फिलिपिन्समा दुई वटा टाउको, तीन वटा खुट्टा तथा दुई वटा हात भएकी बालिकाको जन्म भएको छ। ती बालिका अद्यावधि जीवित छिन।

सङ्कलनः– के. पी. पन्त
बलेटक्सार गुल्मी

✶✶✶✶✶✶✶✶✶✶✶✶✶✶✶✶✶✶✶✶

कविता

श्रद्धान्जली कवि भूपीमा.....

–प्रमोद स्नेही

खोजी रहेछन् बनका जाही, जुही र घुपी
आत्मालाई शान्ति मिलोस यही छ कामना भूपी
नेपाली साहित्यको तिमी दिव्य तारा थियौ
भावनायुक्त साहित्य कृती कोसेली छाडी गयौ
फेरी जन्म लिई फर्क स्वर्ग जस्तो गाउँमा
श्रद्धान्जली सुमन अर्पण गर्छु तिम्रो नाउँमा

पुतली सडक

✶✶✶✶✶✶✶✶✶✶✶✶✶✶✶✶✶✶✶✶

श्री ५ युवराजाधिराज दीपेन्द्र वीर विक्रम शाहदेव सरकारको १९ औं शुभजन्मोत्सवको सुखद उपलक्ष्यमा मौसूफ सरकारको सुस्वास्थ्य तथा दीर्घायुको निमित्त भक्तिपूर्वक हार्दिक शुभकामना टक्याउँछौं।

–रम्भा मा० वि०परिवार
ताहुँ, पाल्पा

✶✶✶✶✶✶✶✶✶✶✶✶✶✶✶✶✶✶✶✶

मुक्तक

भ्रष्टाचार

–रोसम कार्की

खरीदार छँदा उ हाकिम देखिन्थ्यो ।
संचार छँदा उ धनी देखिन्थ्यो ।
तर,
हाकिम भएपछि उ पियन झैं लाग्छ ।
भन्सार गएपछि उ माग्ने झैं लाग्छ ।
तैपनि उसलाई सधैं त्रास लाग्छ ।

तस्कर

मूर्ति छँदा उसको नजर गजुरमा हैन
मन्दिरको द्वारमा हुन्थ्यो ।
अब उसको नजर द्वारमा हैन
मन्दिरको माथिल्लो बारमा हुन थालेको छ ।
र पनि,
उसलाई तस्करीको अभियोग हैन
नमस्कारको संयोग मिलेको छ ।

भोजपुर

With Best Compliments From

EVEREST EXPRESS

Tours & Travels [P] Ltd
G.S.A. Singapore Airlines

Durbar Marg Kathmandu, Nepal
Cable; EVEXPRESS
P. O. Box 482 Telex; 2388 EVEX NP
Fax; 977-1-226795 Tel; 220759

On The Auspicious Occasion of the 19th Birthday of His Royal Highness the Crown Prince We offer Our warm Felicitation For His Long and Happy Life

Druzba (P) Ltd
GSA Soveat Airlines
Tel No. 2-12397

Speed Air (P) Ltd
GSA Air Lanka
Tel No. 2-12831

KANTIPATH KATHMANDU NEPAL

दायित्व बोल्छ !

पुस्तक परिचय

कृति– पूर्व क्षितिज | प्रकाशक: इशा श्रेष्ठ
कवि– इन्द्रकुमार श्रेष्ठ 'सरित' | पेज ९६ मूल्य रू. २०।–

कुनै कोपिला छिटै फक्किन्छन् त कुनै ढिलो । श्री सरितलाई छिटै फक्किएका कोपिला मान्नु पर्छ । उनले (उनैका शब्दमा) २७ वर्षको कलिलो उमेर मै २०० भन्दा बढी लेख रचनाहरू प्रकाशित गरिसकेका छन् । लेखेर मात्र होइन लेख प्रिय भएरै उनले प्रसिद्धि कमाएका हुन् । मानव मुटुको स्पन्दन र अनुभवहरूलाई समेटेर सिर्जना गरिएको प्रकाशित वा अप्रकाशित २८ कविताको संगालो जनसमक्ष आइसकेकोछ पाठक वर्गले एक पटक पढ्नु भएमा त्यसबाट कवितात्मक स्वाद अवश्य प्राप्त गर्नु हुनेछ ।

जानकारी–ग्रन्थकारहरूमा

कुनै महानुभावले आफ्नो कृति प्रकाशनमा ल्याउनु भएको छ र पुस्तकको सामान्य जानकारी गराउन चाहनु हुन्छ भने कुनै माध्यमद्वारा दायित्वको कार्यालयमा २ प्रति पुस्तक पुऱ्याई दिनु भएमा मनमा लागेका कुरा प्रस्तुत गरिदिनेछौं ।

साधुवाद– साहित्य प्रेमीहरूमा

साहित्य प्रति विशेष चासो राखी अग्रगामी दिनहरूमा हामीहरूलाई उत्साहित हुन अरू बल थपि दिने समस्त मित्रहरूमा हार्दिक साधुवाद टक्न्याउँछौं र जस्ले दायित्व संग सहजीवन यापन नर्ने निश्चय गरी ग्राहक बन्नु भएको छ वा बन्ने अभिलाषा राख्नु भएको छ उहाँहरूमा पनि दायित्वले सदैव खुराक दिइरहोस भन्ने शुभेच्छा राख्छौं ।

अनुरोध–नवोदित प्रतिभामा

नवोदित साहित्यकारहरूलाई बिशेष स्थान दिन हामी प्रयत्नशील छौं । यसो भन्दैमा ती साहित्यकारका लेखक रचना पनि परिशीलन गरी अर्थसम्मत पारीदिन्छौं भनेको चाहीं होइन । अतः छोटा मीठा र स्तरीय रचनाहरू स्पष्ट रूपमा कागजको एकतर्फ लेखी वा टाइप गराई पठाउनु हुन अनुरोध छ ।